मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

डिआइजी थपलिया पथलैयामा

मधेशदृष्टि
बारा ।
मधेश प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब महानिरीक्षक (डिआइजी) गोविन्द थपलियाले पथलैयास्थित नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय निरीक्षण गर्दै ट्राफिक प्रहरीलाई आवश्यक निर्देशन दिएका छन् । डिआइजी थपलिया बिहीबार दिउँसो पथलैया पुगेर कार्यालयका सम्पूर्ण शाखा तथा ब्यारेक भवन अवलोकन र निरीक्षण गरेका हुन् ।
निरीक्षणक्रममा उनले कार्यालयमा कार्यरत ट्राफिक प्रहरी अधिकारी र विभिन्न युनिट इञ्चार्जलाई ब्रिफिङ गर्दै राजमार्गमा सुरक्षात्मक सतर्कता र यातायात व्यवस्थापन अझ प्रभावकारी बनाउन निर्देशन दिए । थपलियाले राजमार्गमा बढ्दो सवारी चाप, दुर्घटना नियन्त्रण र ट्राफिक व्यवस्थापनमा देखिएका चुनौती समाधान गर्न कार्यकुशलता र जिम्मेवारीपूर्वक काम गर्नुपर्नेमा जोड दिए ।

● वर्ष ३ ● अंक ३२८ ● २०८२ साल कार्तिक २१ गते शुक्रबार ● Friday 07, November 2025 ● सूर्योदयः बिहान ०६:१८ बजे ● सूर्यास्तः साँझ ५:१९ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

टिबी साह मैदान र नारायणी रंगशालाबारे मन्त्रीलाई ध्यानाकर्षण

मधेशदृष्टि
वीरगंज ।
सङ्घीय युवा तथा खेलकुद मन्त्री बब्लु गुप्ताले युवाको मागअनुसार नै वर्तमान सरकार सञ्चालन भइरहेको बताएका छन् । उनले वीरगंजको टिबी साह मैदानको मुआब्जा प्रक्रिया छिट्टै टुङ्ग्याएर काम थालिने पनि बताए ।
पर्सा क्रिकेट सङ्घका अध्यक्ष मनिष सिंहको नेतृत्वमा काठमाडौँ पुगेको टोलीसँगको छलफलममा मन्त्री गुप्ताले पर्साको मात्र नभइ मधेशमै क्रिकेट र खेलकुद पूर्वाधार विकासका आफू सकारात्मक रहेको र सकेको काम गरिने प्रतिवद्धता जनाए ।
उनले भने, 'टिबी साह मैदानको मुआब्जा प्रक्रिया छिट्टै टुङ्ग्याएर काम थालिने छ, नारायणी रङ्गशालालाई अन्तर्राष्ट्रियस्तरमा पुऱ्याउने प्रक्रिया अगाडि बढाइने छ र ११औँ राष्ट्रिय खेलकुदका लागि मधेशमा आवश्यक पूर्वाधार निर्माणमा कुनै कसर बाँकी राख्ने छैनौँ ।' उनले विद्यालयस्तरमा प्रशिक्षक नियुक्ति र खेलाडीको पोषण व्यवस्थामा प्राथमिकता रहने प्रतिबद्धता जनाएका थिए ।
पर्सा क्रिकेट सङ्घका अध्यक्ष सिंहको नेतृत्वमा सङ्घीय युवा तथा खेलकुद मन्त्रालय काठमाडौँ पुगेको टोलीले मन्त्री गुप्तालाई पर्साको क्रिकेट र खेलकुद पूर्वाधार विकासबारे ध्यानाकर्षण गराएको थियो । सिंहको नेतृत्वमा जेन्जी युवा तथा सरोकारवालाको टोली मन्त्री भेट्न पर्सा तथा मधेशको खेलकुद पूर्वाधारबारे ध्यानाकर्षण गराउन काठमाडौँ गएको हो । छलफलमा उठाइएका मागमा मन्त्री गुप्ताले सकारात्मक प्रतिक्रिया दिँदै तत्काल प्रक्रिया अगाडि बढाउने आश्वासन दिएका हुन् ।
छलफलमा अध्यक्ष सिंहले वीरगंजको नारायणी रङ्गशालासँगै जोडिएको टिबी साह क्रिकेट मैदानको स्तरोन्नतिबारे मन्त्री गुप्तालाई ध्यानाकर्षण गराएका थिए ।
मैदान स्थानीय तथा राष्ट्रियस्तरका खेलाडीको अभ्यास केन्द्र भएको बताउँदै अध्यक्ष सिंहले स्तरोन्नतिका लागि पहल गर्न मन्त्री गुप्तालाई आग्रह गरेका थिए ।
मैदान स्तरोन्नति र विस्तार नहुँदा खेलाडीको प्रतिभा विकासमा बाधा पुगिरहेको जानकारी गराउँदै सिंहले भने, 'मुआब्जा प्रक्रियालगायतका बाधा छिटो हटाएर काम अघि बढाउन आग्रह गर्दछौँ ।' त्यस्तै, सिंहले नारायणी रङ्गशालालाई अन्तर्राष्ट्रियस्तर बनाउन, ११ औँ राष्ट्रिय खेलकुद मधेश प्रदेशमा सफलतापूर्वक गर्न पूर्वाधार तयार पार्न, मधेशका प्रत्येक सरकारी विद्यालयमा एक जना खेलकुद प्रशिक्षक नियुक्त गर्न, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडीका लागि पोषणयुक्त आहार व्यवस्था गर्न र वीरगंजकै आदर्शनगर रङ्गशाला स्तरोन्नतिलगायतका विषयमा मन्त्री गुप्ताको ध्यानाकर्षण गराएको छलफलमा सहभागी आशीष गुप्ताले बताए ।
अध्यक्ष सिंहले मन्त्री गुप्ताको प्रतिबद्धताले मधेश प्रदेशको खेलकुद क्षेत्रमा नयाँ ऊर्जा भर्ने विश्वास व्यक्त गरे ।
छलफलले स्थानीयस्तरदेखि राष्ट्रिय खेलकुद विकाससम्म महत्त्वपूर्ण योगदान दिने अपेक्षा गरिएको छ । छलफलमा जेन्जी युवा रोमी खान, विनय गिरी, विक्की सर्राफ, सुशान्त साह, रोहित साह, सुमित गुप्ता, मुर्तुजा हावारी र रजत पाण्डेलगायतको सहभागिता थियो ।

बाढी र वर्षाले कृषिमा ६ अर्ब ६१ करोडको क्षति

मधेशदृष्टि
जनकपुरधाम ।
नेपालका सातै प्रदेशमध्ये कृषि उत्पादनमा अग्रणी मानिने मधेश प्रदेश यो वर्ष लगातारका प्राकृतिक विपत्तिबाट गम्भीर रूपमा प्रभावित बनेको छ । देशको अन्नभण्डारका रूपमा चिनिने यस प्रदेशका किसानले यस वर्ष खडेरी, डुबान र बेमौसमी वर्षाको तिहरे मार बेहोर्नु परेको छ ।
धान रोप्ने समयमा पानी नपरेर समस्या झेलेका किसानले जसोतसो रोपाइँ गरे पनि, असोज महिनामा आएको अविरल वर्षा र बाढीले ठूलो क्षति पुऱ्यायो ।
कृषि विकास निर्देशनालयका अनुसार, यस वर्ष मधेशमा ३ लाख ७० हजार हेक्टर खेतीयोग्य क्षेत्रमध्ये ३ लाख २९ हजार हेक्टरमा मात्र धान रोपाइँ भएको थियो । सिँचाइ अभावका कारण करिब ११ प्रतिशत खेत बाँझो रह्यो । असोजको बाढीबाट २ अर्ब ६२ करोड रुपैयाँभन्दा बढी मूल्य बराबरको धानमा क्षति पुगेको निर्देशनालयले जनाएको छ ।
कुल २६ हजार ९ सय ६७ हेक्टर क्षेत्रफलमा लगाइएको धान नष्ट भएको छ । महोत्तरी जिल्लामात्रै ९६ करोड रुपैयाँभन्दा बढीको क्षति भएको विवरण आएको छ । यसैबीच, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका अनुसार असोजको विपत्तिबाट मधेशमा विभिन्न बालीमा गरी ६ अर्ब ६१ करोड रुपैयाँ बराबरको क्षति भएको छ । मधेश प्रदेश सरकारले भने कात्तिक महिनाको बेमौसमी वर्षाबाट भएको क्षतिको विवरण सङ्कलन कार्य जारी रहेको जनाएको छ ।

विधान सभा निर्वाचनका कारण सीमा बन्द

मधेशदृष्टि
जनकपुरधाम ।
नेपालसँग सीमा जोडिएको भारतको बिहार राज्यमा पहिलो चरणको विधान सभा निर्वाचनलाई लिएर नेपाल भारत सीमा बन्द गरिएको छ ।
विधान सभा निर्वाचनलाई लिएर नेपाल–भारत सीमा अन्तर्गत जटही नाका बिहीबार बिहान ६ बजेदेखि साँझ ६ बजेसम्मका लागि बन्द गरिएको हो । निर्वाचन चलिरहँदा नाकामा सुरक्षामा कडाइ गर्न तथा निर्वाचनसम्बन्धी सम्भावित अवाञ्छित गतिविधि रोक्ने लक्ष्यले सीमा बन्द गरिएको भारतीय प्रशासनले जनाएको छ ।
मतदान अवधिभर सीमा नजिकका संवेदनशील क्षेत्रहरूमा सशस्त्र र सुरक्षा कर्मी तैनाथ गरिएको हो । सडक तथा पैदल यात्रुका लागि बिहान ६ बजेदेखि साँझ ६ बजेसम्म नाका बन्द हुँदा स्थानीय व्यापारी, यात्रु र दैनिक आयआर्जनमा आश्रित व्यक्तिलाई असुविधा भोग्नु परेको छ ।
जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी नायव उपरीक्षक गणेशबहादुर बमका अनुसार निर्वाचन अवधिमा अवाञ्छित गतिविधि हुन नदिन चेकजाँच र निगरानी बढाइएको थियो । उनले भने, 'शंका लागेका व्यक्तिहरूमाथि सोधपुछ भइरहेको छ र सीमा क्षेत्रमा सघन अनुगमन गरिएको थियो ।'
नाका बन्द रहँदा दुवै तर्फका सवारीसाधन र यात्रुहरूको आवागमन पूर्ण रूपमा रोकिएको जनाइएको छ । भारतको बिहारमा पहिलो चरणअन्तर्गत बिहीबार १ सय २१ विधानसभा सिटमा मतदान भइरहेको छ भने दोस्रो चरणको निर्वाचन नोभेम्बर ११ मा १ सय २२ सिटका लागि हुने तय भएको छ ।

जनकपुर–ढल्केवर व्यापारिक मार्गमा तीन आकाशे पुल

मधेशदृष्टि
जनकपुरधाम ।
जनकपुर–ढल्केवर ६ लेन व्यापारिक राजमार्गमा तीन वटा आकाशे पुलको निर्माण कार्य शुरु भएको छ । सरकारको करिब साढे १० करोड रुपैयाँ लगानीमा सडक डिभिजन कार्यालय मुजेलिया जनकपुरधामले आकाशे पुलको निर्माणका लागि ठेक्का लगाएपछि अहिले निर्माण शुरु भएको हो ।
व्यापारी राजमार्गको रूपमा रहेको सो राजमार्गमा अत्यधिक पैदल यात्रीको चाँप रहेको धनुषाको क्षिरेश्वरनाथ नगरपालिकाको महिला विकास चोक तथा सखुवा चोकमा गरेर दुई वटा र सोही सडक खण्डको लक्ष्मीनिया गाउँपालिकाको बजार चोकमा एक वटा आकाशे पुलको निर्माण गर्ने हुन लागेको हो ।
क्षिरेश्वरको महिला विकास चोकमा ३ करोड ३५ लाख रुपैयाँ, सखुवा चोकमा ३ करोड ५७ लाख रुपैयाँ तथा लक्ष्मीनियाका आकाशे पुलको

निर्माण ३ करोड ४२ लाख रुपैयाँ भ्याटसहितको लागतमा दुई वटा निर्माण कम्पनीले आकाशे पुलको निर्माणको लागि ठेक्का पाइ काम शुरु गरेको सडक डिभिजन कार्यालय मुजेलियाका प्रमुख डिभिजनल ईन्जिनियर दरोगा प्रसादले जानकारी दिए ।
यसै आर्थिक वर्षको असार भित्रमा निर्माण सम्पन्न गर्ने आकाशे पुलको उचाइ ५.६ मिटर तथा लम्बाई २९.४ मिटर र पुलको चौडाइ ३ मिटर रहेको कार्यालयका साइट इञ्जिनियर उज्जवल झाले जानकारी दिए । आकाशे पुलको प्रयोग गरेर सडकबाट वारपार गर्न सजिलो हुने र यसले हुने दुर्घटनामा कमी आउने विश्वास सडक डिभिजन कार्यालयको छ ।
विश्वास जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाका प्रमुख प्रहरी निरीक्षक सूर्यबहादुर शाहीले पूर्व पश्चिम लोकराजमार्ग भएर मधेश प्रदेशको राजधानी जनकपुरधाम प्रवेश गर्ने सडकमा पैदल यात्रीको लागि निर्माण हुन लागेको आकाशे पुलको निर्माण भएपछि सवारी दुर्घटनामा कमी आउने बताए । आकाशे पुलको निर्माण भइरहेको ठाउँमा ठूला हाट बजार, विद्यालय रहेका कारणले सडक काट्दा धेरैको ज्यान जाने गरेको छ । यसले पैदल यात्रीलाई ठुलो राहत मिल्ने क्षिरेश्वरका स्थानीय विनय साहले बताए ।

बाबुराम र जनार्दन रास्वपा नेतृत्वमा आउन इच्छुक

मधेशदृष्टि
चितवन ।
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का नेताहरुले पार्टी नेतृत्वमा डा. बाबुराम भट्टराई र जनार्दन शर्माको रुचि देखिएको खुलासा गरेका छन् । रास्वपाको विस्तारित बैठक शुक्रबारदेखि चितवनको सौराहामा हुँदैछ । विस्तारित बैठकमा केन्द्रीय समिति, केन्द्रीय विभागका पदाधिकारी, प्रदेश सचिवालय, जिल्ला तथा पालिका अध्यक्षसहित ५ सय १२ प्रतिनिधि सहभागी हुने रास्वपाले जनाएको छ ।
विस्तारित बैठक तयारीबारे बिहीबार जानकारी दिन आयोजित पत्रकार सम्मेलनमा प्रवक्ता मनिष झाले राजनीतिक, सांगठनिक तथा निर्वाचन केन्द्रित छलफल हुने जानकारी दिए । उनले पत्रकारहरुसँग भने, 'वर्तमान राजनीतिक विषम परिवेश र घोषित निर्वाचन केन्द्रित छलफल हुने छ ।'
'यो राजनीतिक संक्रमणपछिको सबैभन्दा ठूलो बैठक हो, यसको राजनीतिक सांगठनिक हिसाबले महत्व छ,' उनले भने, 'हामी निर्वाचनकेन्द्रित आचरण, रणनीतिबारे छलफल छौँ ।'
प्रवक्ता झाले एजेण्डाकै रुपमा पार्टी नेतृत्व परिवर्तन विषय नरहे पनि बैठकमा सहभागी प्रतिनिधिले स्वतन्त्र रुपमा संगठनको नेतृत्व परिवर्तन, राजनीतिक संरचना, निर्वाचन, वाचापत्रलगायतका विषयमा विचार राख्ने स्वतन्त्रता रहने बताए ।
उनले यसअघि फागुनको ७, ८ र ९ गते तयारी गरेको पार्टीको महाधिवेशनको मिति सार्ने निर्णय पनि विस्तारित बैठकबाट निर्धारण गरिने जानकारी दिए । प्रवक्ता झाले पत्रकारहरुको छलफलमा पूर्वप्रधानमन्त्री बाबुराम भट्टराई र माओवादी नेता जनार्दन शर्माले रास्वपाको नेतृत्व लिने इच्छा जाहेर गरेको पनि बताए ।
बिहीबार बिहान काठमाडौँमा भट्टराई र शर्मासँग रास्वपा कार्यबाहक सभापतिसहितका नेताले भेटघाट गरेका थिए । भेटका विषयमा पत्रकारहरुले सोधेको प्रश्नको जवाफ दिँदै झाले भने, 'राजनीतिक व्यक्तिले नेतृत्व लिन इच्छुक हुनु स्वभावि कहो । तर, अरुलाई नेता मान्न तयार हुनुहुन्न, त्यस्ता व्यक्ति नेता हुन सक्दैनन् ।'
उनले डा.भट्टराई र शर्माले छलफलका लागि बोलाएर निर्वाचनमा एक भएर जाने विभिन्न प्रस्तावसहित छलफल अघि बढाएकाले उनीहरुको सम्मानमा आफ्नो पार्टी छलफलमा सहभागी भएको बताए । उनीहरुसँग नेतृत्वको परिषद बनाउने, राजनीतिक एलायन्स गर्ने कि सँगै निर्वाचनमा जाने, वा एक अर्कालाई सघाउने हो कि, डिस्टर्ब नगर्ने हो भनेर सबै मोडालिटीमा छलफल भएको तर, निष्कर्षमा नपुगेको उनले बताए ।
प्रवक्ता झाका अनुसार अहिले प्रस्ताव राख्ने र छलफल गर्ने चरणमा छ । तर, निष्कर्षमा भने नपुगेको उनको भनाइ छ । तीन दिने विस्तारित बैठकमा यस विषयमा पनि छलफल गरिने र विस्तारित बैठकको सन्देश लिएर पुनः छलफलमा बस्ने उनले बताए ।
देशभरबाट विस्तारित बैठकमा आउने ५ सय बढी प्रतिनिधिको मनोभावना बुझेर, उनीहरुको म्याण्डेड समेत लिएर अनसिन एजेण्डाका रुपमा छलफल चलाइने उनले बताए । 'बैठकका केही अनसिन एजेण्डा हुन्छ, त्यसमा छलफल गरिन्छ,' उनले थपे, 'विस्तारित बैठकमा छलफल गरिने एजेण्डा चाहिँ त्यो पनि हो । अबको निर्वाचनको लागि कस्तो एलायन्स हुनुपर्छ भन्ने छलफल गर्छौँ ।'
झाले पूर्वप्रधानमन्त्री डा.भट्टराईले नेतृत्व लिन चाहेको विषयमा भने, 'रास्वपा राजनीतिक लचकता राख्छ तर भाँच्चिने गरी लचकता राख्न सक्दैन ।'

भुसाल, झाँक्रीसहित ६ जना निष्कासित

काठमाडौँ ।
एकीकृत समाजवादी पार्टीले पार्टी निर्णय विपरीत गतिविधि गरेको आरोपमा महासचिव घनश्याम भुसाल, पूर्वमन्त्री रामकुमारी झाँक्रीलगायत छ जना केन्द्रीय नेताहरूलाई पार्टीबाट निष्कासन गरेको छ ।
अध्यक्ष माधवकुमार नेपालले बुधबार विज्ञप्ति जारी गर्दै उनीहरूलाई निष्कासन गरिएको जानकारी दिएका हुन् ।
पार्टी सचिवालयको बैठकले भुसाल र झाँक्रीसँगै उपमहासचिव दामोदर अर्याल, केन्द्रीय सदस्यहरू नन्दलाल बन्जाडे, धर्मराज निरौला र कृष्णकुमार श्रेष्ठ (किसान) लाई पनि निष्कासन गर्ने निर्णय गरेको हो ।
पार्टीका अनुसार निष्कासनमा परेका ती नेताहरूले केन्द्रीय कमिटीको तेस्रो बैठकले पारित गरेको 'नीति, विचार, सिद्धान्त र कार्यक्रम मिल्ने पार्टीसँग एकता गर्ने' भन्ने निर्णयको उल्लङ्घन गर्दै भेला तथा पत्रकार सम्मेलनजस्ता गतिविधि सञ्चालन गरेका थिए ।
यस्तै बुधबारकै दिन एकीकृत समाजवादीले माओवादी केन्द्रसहितका दश वाम घटकसँग पार्टी एकता घोषणा गरेको छ ।

नारायणीको मेसुमा पुन साह

मधेशदृष्टि
वीरगंज ।
नारायणी अस्पतालको निमित्त मेडिकल सुपरिन्टेन्डेण्ट (मेसु) का रूपमा डा. चित्तरञ्जन साह पुनः जिम्मेवारीमा फर्किएका छन् ।
मेसु डा. चुमन लाल दासको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा सरुवा भएपछि मन्त्रालयले डा. साहलाई पुनः निमित्त मेसुको जिम्मेवारी प्रदान गरेको हो ।
डा. दासलाई मेसु बनाइनुअघि पनि डा. साह नै अस्पतालको निमित्त मेसुका रूपमा कार्यरत थिए । अनुभव, नेतृत्व क्षमता र सेवाको निरन्तरता सुनिश्चित गर्न उनीमाथि पुनः भरोसा राखिएको मन्त्रालय स्रोतले जनाएको छ ।
मधेश प्रदेशको प्रमुख स्वास्थ्य संस्था मानिने नारायणी अस्पतालमा दैनिक सैयौँ बिरामी उपचारका लागि आउने गर्छन् । डा. साहको पुनर्नियुक्तिले अस्पतालको नियमित सेवा प्रवाह र प्रशासनिक व्यवस्थापन निर्बाध रुपमा सञ्चालन हुने अपेक्षा गरिएको छ ।

न्यायपालिकामाथि सबैको विश्वास र भरोसाः प्रधानन्यायाधीश

ललितपुर ।
प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतले न्यायपालिकामाथि सबैको विश्वास र भरोसा कायम राख्नु हाम्रो मुख्य दायित्व भएको बताएका छन् ।
बिहिवार ललितपुर बार एशोसिएसनको सभाहलमा भएको पूर्वन्यायाधीश द्वारिकामान जोशीद्वारा लिखित देवानी कार्यविधि कानून 'सिद्धान्त र व्यवहार' नामक तेस्रो कृतिको सार्वजनिकीकरण समारोहमा मन्तव्य राख्नुहुँदै प्रधानन्यायाधीश राउतले भने, 'आगामी मङ्सिर १ गतेदेखि सर्वोच्च अदालत पूर्ण रुपमा सञ्चालनमा आउनेछ, अदालतप्रतिको जनआस्था वृद्धि गराउन फैसलामा विधिशास्त्र हुनुपर्छ मात्रै हैन, यसलाई छिटो र सहज रुपमा दिने व्यवस्था पनि कार्यान्वयनमा आउनुपर्छ ।'
प्रधानन्यायाधीश राउतले पुस्तक लेख्ने र अनुभवलाई समेट्ने अवसर सबैलाई रहेकाले त्यसलाई समात्न सक्नुपर्नेमा जोड दिए ।
'विद्वान लेखकको गहन अध्ययन, अनुसन्धानबाट महत्वपूर्ण पुस्तक प्राप्त भएको छ, निष्ठा र अनुभवले खारिएको व्यक्तिले लेखेको पुस्तक अत्यन्तै गहकिलो छ, पुस्तक पढ्न जति सजिलो हुन्छ, लेख्न त्यति सजिलो छैन,' उनले भने ।
उच्च अदालत पाटनका मुख्य न्यायाधीश लालबहादुर कुँवरले देवानी न्यायसम्पादन प्रणालीलाई यस पुस्तकले महत्त्वपूर्ण योगदान पु¥याउने बताउँदै न्याय क्षेत्र र प्रणालीको सुधारका लागि उत्कृष्ट कृति हुने विश्वास व्यक्त गरे । निष्ठावान् पूर्वन्यायाधीशद्वारा लिखित यस पुस्तकले कानूनका बहुआयामिक पक्षलाई समेटेको धारणा राख्दै पुस्तकमा समेटिएका विषय सिलसिलेवार रुपमा समावेश गरिएको उनको भनाइ थियो ।
मुख्यन्यायाधीश कुँवरले न्यायालयप्रति जनआस्था बढाउन र न्यायसम्पादनका प्रक्रियालाई सम्बोधन गर्न यस पुस्तकले सहयोग गर्ने धारणा राखे । नेपाल बार एशोसियसनका अध्यक्ष विजयप्रसाद मिश्रले न्यायप्रणालीबाट देवानी प्रकृतिका न्यायसम्पादन छिटोछिटो हुने अवस्था नरहेको अवस्था सुधारका लागि र छिटो मुद्दाको किनारा लगाउनका लागि जटिलतालाई सहजीकरण गर्न यस पुस्तकले योगदान पु¥याउने बताए ।
पुस्तकका लेखक एवम् उच्च अदालतका पूर्वन्यायाधीश द्वारिकामान जोशीले देवानी मुद्दामा धेरै मुद्दाहरु असफल भएका, धेरै मुद्दामा प्रमाण नपुग्ने अवस्थामा गलत व्यक्तिले पनि न्याय प्राप्त गरेको कतिपय अवस्था रहेका सन्दर्भमा कानूनी सहजताका लागि विद्वतवर्गको मागअनुसार पुस्तकको प्रकाशन गरिएको जानकारी गराए । उनले पुस्तकमा धेरै विषयवस्तु समावेश भएको बताउँदै बजारको आवश्यकताअनुसार यो पुस्तक उपयोगी र फलदायी हुने विश्वास व्यक्त गरे ।
पुस्तकमाथि टिप्पणी गर्नुहुँदै वरिष्ठ अधिवक्ता श्यामप्रसाद खरेलले र पूर्वन्यायाधीशद्वारा लिखित यस पुस्तक सहज र स्पष्ट रुपमा लेखिएको बताउँदै यसमा गहन विषयवस्तु समेटिएको धारणा राखे । उनले सरल र मिठासपूर्ण शैलीमा लेखिएको यस पुस्तकबाट नवप्रवेशी कानून व्यवसायीलगायत दिग्गज पुराना कानून व्यवसायी, कानूनका विद्यार्थी लगायतलाई महत्त्वपूर्ण लाभ मिल्ने जानकारी गराए ।
अधिवक्ता डा रेवतीराज त्रिपाठीले देवानी कानून नयाँ पुस्ताका लागि जटिल विषय भएको भन्दै न्याय सम्पादनमा महत्वपूर्ण आधार हुने धारणा राखे । उनले पुस्तकमा देवानी कार्यविधिका सैद्धान्तिक विषयलाई सरल ढङ्गले प्रस्तुत गरिएको जानकारी गराए ।
ललितपुर बार एशोसियसनका अध्यक्ष राम श्रेष्ठले पुस्तकले कार्यविधि कानूनको त्रुटिले धेरै मुद्दा बदर हुने अवस्थाको अन्त्य गरिदिने विश्वास व्यक्त गरे ।रासस

कार्यवाहक राष्ट्रपति यादव र कोरियाली राजदूतबीच शिष्टाचार भेट

काठमाडौँ ।
कार्यबाहक राष्ट्रपति रामसहायप्रसाद यादवसँग नेपालका लागि गणतन्त्र दक्षिण कोरियाका महामहिम राजदूत पार्क ताए योङ्गले बिहिवार लैनचौरस्थित उपराष्ट्रपतिको कार्यालयमा शिष्टाचार भेट गरेका छन् । भेटमा दुई देशबीचको द्विपक्षीय सम्बन्ध, पर्यटन सहकार्य, श्रम तथा रोजगार, पूर्वाधार विकास, ऊर्जा, लगानी तथा जनस्तरको
सम्बन्धलगायतका विषयमा महत्वपूर्ण छलफल भएको थियो ।
कार्यबाहक राष्ट्रपति यादवले हालै सम्पन्न 'जेन्जी आन्दोलन' को पृष्ठभूमिमा नेपालमा नयाँ सरकार गठन भइसकेको उल्लेख गर्दै लोकतान्त्रिक यात्राप्रति नेपालको प्रतिबद्धता दोहो¥याए । उनले आगामी २०८२ फागुन २१ (५ मार्च २०२६) मा प्रतिनिधिसभा निर्वाचन सम्पन्न गर्नु सरकारको प्रमुख कार्यभार रहेको बताए ।
उनले नेपाल–कोरिया सम्बन्धको ५०औँ वार्षिकोत्सव सफलतापूर्वक मनाइएको स्मरण गर्दै दुई देशबीचको सम्बन्ध मैत्रीपूर्ण, आपसी सम्मान र समझदारीमा आधारित रहेको बताए । कोरियाली सहयोगले नेपालको सामाजिक–आर्थिक
विकासमा महत्वपूर्ण योगदान पु¥याएको भन्दै उनले आगामी दिनमा सहकार्यलाई अझ गहन बनाउने प्रतिबद्धता व्यक्त गरे ।
कार्यबाहक राष्ट्रपति यादवले कोरियाली सरकारप्रति इपिएस कार्यक्रममार्फत नेपाली युवालाई रोजगारीको अवसर उपलब्ध गराएकामा धन्यवाद व्यक्त गर्दै कोरियासँगको सम्बन्धलाई नेपालले उच्च प्राथमिकता दिँदै आएको स्पष्ट पारे ।
उनले कोरियाली पर्यटकको नेपालप्रतिको आकर्षण, विशेषतः पदयात्रा र पर्वतारोहण जस्ता क्षेत्रहरूमा, उल्लेखनीय रहेको बताउँदै धार्मिक र सांस्कृतिक समानताले दुई देशबीचको सम्बन्धलाई अझ सुदृढ बनाएको धारणा व्यक्त गरे ।
महामहिम राजदूत पार्क ताए योङ्गले नेपालप्रति कोरियाली सरकारको सद्भाव, सहयोग र मित्रता निरन्तर रहने प्रतिबद्धता व्यक्त गरेका छन् । उनले 'जेन्जी' को मागबमोजिम बनेको नेपाल सरकारलाई कोरियाको समर्थन रहेको उल्लेख गर्दै अगामी चुनावका लागि सहयोग र शुभकामना व्यक्त गरे ।
'विगत ३० वर्षदेखि कोरियाले नेपालको शिक्षा, कृषि, आइटीको क्षेत्रमा सहयोग गर्दै आएको छ,' राजदूत योङ्गले भने, 'रोजगारको सिलसिलामा कोरिया जाने नेपालीको सङ्ख्या बढाउन आफ्नो मुलुकको तयारी छ ।' उनले धेरै कोरियाली कम्पनी नेपाल आउन इच्छुक रहेको उल्लेख गर्दै द्विपक्षीय सम्बन्धलाई अझ सशक्त बनाउने दिशामा कोरियाली पक्षबाट आवश्यक सहयोग जारी रहने बताए ।रासस

गृहमन्त्रीद्वारा पूर्वराष्ट्रपति भण्डारीको घर अवलोकन

काठमाडौँ ।
गृहमन्त्री ओमप्रकाश अर्यालले बिहिवार पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको काठमाडौँको चपलीस्थित घरको अवलोकन गरेका छन् ।
पूर्वराष्ट्रपति भण्डारीको घर गत भदौ २३ र २४ गतेको जेन्जी आन्दोलनका क्रममा बिहीबारगनी भएको थियो । यसअघि अर्यालले काठमाडौँको बोहोराटारस्थित राष्ट्रपति रामचन्द्र पौडेलको घरको अवलोकन गरेको थियो ।
त्यसैगरी अर्यालले मङ्गलबार प्रथम राष्ट्रपति डा रामवरण यादवको ललितपुर बागडोलस्थित निवासको अवस्था बुझ्न गरेका थिए ।रासस

मंसिर १ गतेदेखि सर्वोच्चले सबै मुद्दा दर्ता र सुनुवाइ गर्ने

काठमाडौँ ।
सर्वोच्च अदालतले मंसिर १ गतेदेखि आफ्नो सेवाहरू पूर्ण रूपमा नियमित गर्ने निर्णय गरेको छ ।
भदौ २४ गते जेनजी आन्दोलनको क्रममा भएको आगजनी र तोडफोडका कारण सर्वोच्च अदालतले आंशिक सेवा सञ्चालन गर्दै आएको थियो ।
बिहीबार बसेको पूर्ण बैठकले अब सबै मुद्दा र निवेदनहरू नियमित रूपमा दर्ता तथा सुनुवाइ हुने व्यवस्था मिलाएको छ । यसअन्तर्गत शुरु मुद्दा, पुनरावेदनपत्र, दोहोर्याई पाउँको निवेदन, पुनरावलोकन
निवेदनसहितका सबै सेवा प्रकारका मुद्दाहरूलाई समावेश गरिएको छ ।
सर्वोच्च अदालतले भदौ २४ देखि कार्तिक ३० सम्मको अवधि 'शून्य अवधि' को रूपमा गणना गर्ने निर्णय पनि गरेको छ ।
सहायक प्रवक्ता निराजन पाण्डेका अनुसार, यस अवधिलाई हदम्याद, म्याद र तारेखको रूपमा गणना गरिने छैन र मंसिर १ गतेदेखि ३० दिनसम्म अवधि थाम्ने सुविधा पनि दिइनेछ ।
जेनजी आन्दोलनका कारण देशभरका २३ अदालतमा आगजनी भएको थियो, जसका कारण ती अदालतहरू अझै पूर्ण रूपमा नियमित रूपमा सञ्चालनमा फर्किन सकेका छैनन् । आगजनीका कारण अर्बौं रुपैयाँको क्षति भएको छ ।

'रुपान्तरण र संविधान संशोधन अबको मार्गचित्र'

काठमाडौँ ।
राजनीतिक दलका नेताहरुले जेन्जी आन्दोलनको भावनाअनुसार राजनीतिक दलको रुपान्तरण र संविधान संशोधन नै अबको मार्गचित्र भएको बताएका छन् । उज्ज्वल थापा फाउन्डेसनद्वारा बिहीबार यहाँ आयोजित 'संवाद शृंखला'मा सहभागी नेताहरुले जेन्जी आन्दोलनले राजनीतिक दललाई सुध्रने सन्देश दिएको र सोहीअनुसार दलको रुपान्तरण अपरिहार्य रहेको बताए ।
जेन्जी पुस्ताले राजनीतिक दलको निषेध नभई सहकार्य गर्न खोजिरहेको विषय सकारात्मक भएको उनीहरुको भनाइ छ । नेपाली कम्युनिष्ट पार्टीका वरिष्ठ नेता नारायणकाजी श्रेष्ठले पार्टी रुपान्तरण र पुनःगठनको प्रक्रिया अघि बढाएर मुलुकको आर्थिक, सामाजिक अवस्थामा बदलाव ल्याउनु अहिलेको मूल कार्यभार भएको बताए ।
'पार्टीको रुपान्तरण नेतृत्वले गर्न सकेन, नेतृत्व नै परिवर्तन हुनुपर्छ,' उनले भने, 'हिजो हामीले नेतृत्व पनि रुपान्तरणको कुरा गरेका हौँ, अब परिवर्तन नै गर्नुपर्छ, तबमात्रै रुपान्तरणको प्रक्रिया अघि बढाउन सक्छौँ ।'
नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले राजनीतिक सङ्क्रमणका बेला नागरिक आन्दोलनको भूमिका महत्वपूर्ण हुने बताए । 'अहिले नागरिक आन्दोलन चाहिएको छ, त्यसमा नयाँ पुस्ताको पनि सहभागिता हुनुपर्छ,' उनले भने, 'जसले अब आउने संसद्बाट जनताको भावनाअनुसारका नियम, कानून परिवर्तन गर्नुपर्छ भनेर सुझाव देओस्, मुख्यगरी राजनीतिक दलसम्बन्धी काननु परिमार्जन गर्नुपर्छ ।'
राजनीतिक दल साझा संस्था भएका हुनाले पार्टीभित्र र बाहिरका सुझाव सल्लाहलाई ग्रहण गर्नुपर्नेमा राजनीतिक दलभित्र त्यसो हुन नसकिरहेको उनको भनाइ थियो । 'पार्टी भनेको सार्वजनिक संस्था हो, को भित्र, को बाहिर भन्ने हुँदैन,' उनले भने, 'सबैसँग मत माग्ने, अनि कुरा नसुन्ने भन्ने हुनुहुँदैन ।'
नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सचिव योगेश भट्टराईले समाज रुपान्तरणको योजना बनाउँदै गर्दा बहुदलीय प्रतिस्पर्धात्मक व्यवस्थामा सर्वप्रथम राजनीतिक दल आफैँ सुध्रिनुपर्ने बताए । 'अहिले समाज र राज्य पार्टीहरुले चलाउछन्, दल र विचारधारा बाहेकको समाज हुँदैन,' उनले भने, 'पहिलो शुद्धता पार्टीमा खोज्नुपर्छ, अनि मात्रै ठीक ठाउँमा पुग्छौँ ।'
सचिव भट्टराईले निर्वाचनपछि बन्ने संसद्बाट संविधान संशोधन गर्दै जेनजी आन्दोलनको माग सम्बोधन गर्ने गर्न सकिने बताए । 'कि त संसद् पुनःस्थापना गरेर राजनीतिक समझदारीका आधारमा पुनःस्थापित संसद्बाट गरिने घोषणालाई संविधानमा समावेश गरेर जान सकिन्छ,' उनले भने ।रासस

तीनवर्षमा बन्नुपर्ने दुई पुल नौ वर्षसम्म अधूरै

कञ्चनपुर ।
जिल्लाका दुई पक्की पुल सम्पन्न हुने चरणमा पुगेका छन् । लामो समयदेखि ढिलाइ हुँदै आएको कृष्णपुर नगरपालिका–१ बंक–बुडर–नायल सडकखण्डमा पर्ने ओदाल खोला पुल र बेदकोट नगरपालिका–६ र ७ लाई जोड्ने मुसेपानी खोलाको पुल निर्माण अन्तिम चरणमा पुगेको हो ।
सडक डिभिजन कार्यालय महेन्द्रनगरका सूचना अधिकारी हरिशप्रसाद जोशीका अनुसार पुल निर्माणका लागि विसं २०७४ जेठ १० गते १५ करोड ४३ लाख रुपैयाँको लागतमा तीन वर्षभित्र निर्माण सम्पन्न गर्ने गरी ठेक्का सम्झौता गरिएको थियो ।
त्यसैगरी, ओदाल खोला पुल निर्माणका लागि विसं २०७३ भदौ १७ गते पाँच करोड ४७ लाख रुपैयाँमा दुई वर्षभित्र सम्पन्न गर्ने सम्झौता भएको थियो । तर, समयमै काम सम्पन्न गर्न नसकेपछि दुवै पुलको म्याद पटक–पटक थपिँदै आएको छ । ओदाल खोलाको पुल तोकिएको समयमा सम्पन्न हुन नसकेकाले ठेकेदार कम्पनीमाथि १० प्रतिशत जरिवाना (हजर्ना) लगाइएको सूचना अधिकारी जोशीले जानकारी दिए । मुसेपानी खोलाको पुलको अन्तिम म्याद भने अहिले विसं २०८२ कात्तिक मसान्तसम्म तोकिएको छ ।
हालसम्म मुसेपानी खोलाको पुलको भौतिक प्रगती ९५ प्रतिशत र ओदाल खोलाको पुलको भौतिक प्रगति ९३ प्रतिशत रहेको छ । 'दुवै पुलको सब–स्ट्रक्चर, सुपरस्ट्रक्चर र तटबन्ध निर्माण पूरा भइसकेको छ,' उनले भने, 'हाल पहुँच मार्ग निर्माण पूरा हुन बाँकी रहेको छ ।'
ओदाल खोलाको पुलको लम्बाइ ४० मिटर र मुसेपानी खोलाको पुलको लम्बाइ एक सय ६० मिटर रहेको छ । दुवै पुल आधुनिक प्री–स्ट्रेस्ड प्रविधिमा निर्माण गरिएका छन् ।
वित्तीय हिसाबले हेर्दा ओदाल खोलाको पुलको प्रगति चार करोड ५२ लाख रुपैयाँ रहेको छ भने त्यसमा १० प्रतिशत हजर्ना असुल उपर गरिएको छ ।
मुसेपानी खोलाको पुलको वित्तिय प्रगति १३ करोड ३० लाख रुपैयाँ पुगेको छ । ठेकेदार कम्पनीको ढिलासुस्तीका कारण दुवै पुल तोकिएको अवधिभित्र सम्पन्न हुन नसके पनि अहिले तीव्रगतिमा काम भइरहेको जनाइएको छ ।
पुल निर्माणमा ढिलाइ हुँदा स्थानीय बासिन्दा लामो समयदेखि सास्ती खेपिरहेका थिए । विशेषगरी बर्खाको समयमा खोला तर्ने जोखिम बढ्ने र आवतजावतमा कठिनाइ हुने समस्याले जनजीवन प्रभावित हुँदै आएको थियो ।
कृष्णपुर नगरपालिका १ का स्थानीय बासिन्दा गयाप्रसाद चौधरीले भन्नुभयो, 'बर्षौंदेखि खोला गर्नु पर्ने अबस्था थियो, वर्षातका बेला गाउँ सम्म एम्बुलेन्स आउन नपाउदा बिरामीलाई जोखिम मोल्दै पिठयुमा बोकेर खोला तार्नु पर्ने अबस्था थियो, ढिलै भएपनि स्थायी पुल बनेपछि सहज हुने भयो ।'
दुवै पुल सञ्चालनमा आएपछि स्थानीय यातायात, व्यापार र कृषि उत्पादनको ढुवानीमा सहजता आउने अपेक्षा गरिएको छ । यो सँगै बंक–बुडर–नायल सडकखण्ड तथा बेदकोटको मुसेपानी क्षेत्रका बासिन्दाले नदी तर्नु पर्ने लामो समय देखिको समस्या समाधान हुनेमा आशा व्यक्त गरेका छन् । सडक डिभिजन कार्यालयले बाँकी रहेका पहुँच मार्ग तथा फिनिसिङ कार्य छिटो सम्पन्न गरी दुवै पुललाई चालु आब भित्रै सञ्चालनमा ल्याउने तयारी गरिरहेको जनाएको छ ।रासस

अस्पतालकै भवनबाट गाउँपालिकाको सेवा

सिरहा ।
भदौ २४ गते भएको 'जेन्जी' प्रदर्शनका क्रममा यहाँको औरही गाउँपालिकाको प्रशासनिक भवनमा आगजनी गरिएकामा सेवा प्रवाहमा समस्या भइरहेको छ । गाउँपालिकाको भवन आगजनीबाट ध्वस्त भएपछि हाल स्थानीय औरही अस्पतालको भवनबाट सेवा सञ्चालन गरी सहजता ल्याउने प्रयास भइरहेको छ ।
कार्यालय सञ्चालनका लागि अर्को विकल्प नहुँदा गाउँपालिकाले अस्पतालको माथिल्लो तला प्रयोग गरेर सेवा प्रवाह भइरहेको गाउँपालिका अध्यक्ष शिवजी यादवले बताए । उनका अनुसार नयाँ भवन निर्माणाधीन रहेकाले तत्कालका लागि अस्पतालमा नै कार्यालय सञ्चालन गर्नुपर्ने बाध्यता आएको हो ।
अध्यक्ष यादवले भने, 'पुरानो भवन कामै नलाग्ने गरी ध्वस्त भयो । हाल अर्को विकल्प नहुँदा अस्पतालसँग सहकार्य गरेर काम गरिरहको छौँ । गत वर्षदेखि निर्माण शुरु गरिएको नयाँ प्रशासकीय भवन यसै आर्थिक वर्षभित्र सम्पन्न गर्न द्रुतगतिमा काम गर्न लगाएका छौँ ।' उनका अनुसार सात करोड ९४ लाख १८ हजार ८ सय ९० रुपैयाँ लागतमा नयाँ भवन निर्माणको काम भइरहेको छ ।
अस्पताल र गाउँपालिका एउटै भवनमा सञ्चालन हुन थालेपछि बिरामीले पाउनुपर्ने स्वास्थ्य सेवामा समस्या भइरहेको छभने अर्कातर्फ गाउँपालिका कार्यालयका कर्मचारीलाई पर्याप्त स्थान अभावका कारण प्रशासनिक काम गर्न कठिनाइ भइरहेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत देवशरण यादवले बताए ।
हाल अस्पतालको माथिल्लो तलामा गाउँपालिकाको प्रमुख प्रशासकीय कक्षसहित शिक्षा र स्वास्थ्य शाखा सञ्चालनमा छन् । कोठा अभावका कारण अस्पतालकै माथिल्लो तलामा रहेको न्यायिक समितिको हलमै अध्यक्ष र उपाध्यक्षको कार्यकक्ष व्यवस्थापन गरिएको छ । कृषि, राजस्व र पशु शाखा भने कृषि तथा पशुपन्छी सेवा केन्द्रको छुट्टै भवनबाट सञ्चालन भइरहेको छ । अस्पताल प्रमुख उपेन्द्र यादवले गाउँपालिकाको प्रशासनिक कामकाज सञ्चालन हुन थालेपछि अस्पतालका नियमित सेवाहरू प्रभावित भएको बताए । उनले भने, 'गाउँपालिकाका सेवाग्राहीको भीडभाडले गर्दा बिरामीलाई स्वास्थ्य सेवा दिन असहज भइरहेको छ । कोठा अभावमा बहिरङ्ग सेवा, प्रसूति सेवा र अस्पतालको प्रशासनिक कामकाज प्रभावित भएकाले नियमित स्वास्थ्य सेवा दिन समस्या देखिएको छ ।'
पन्ध्र शय्या क्षमताको अस्पतालमा हाल पाँच शय्या मात्रै सञ्चालनमा छन् । दैनिक एक सय हाराहारी बिरामी उपचारका लागि आउने गरेकाले भीडभाडका कारण स्वास्थ्यकर्मीलाई सेवा प्रवाह गर्न थप चुनौती देखिएको अस्पताल प्रशासनले जनाएको छ ।

कल्टुपोखरीमा फोहोरमैलाः सप्तरीको राजविराजस्थित कल्टुपोखरीमा देखिएको फोहोरमैला । नगरपालिकाले आवश्यक सरसफाइ नगर्दा पोखरी दुर्गन्धित भएको छ । तस्बिरः रासस (राजविराज)

वर्षाले १५ करोड क्षति क्षतिपूर्तिका लागि अपिल

बारा ।
बारागढी गाउँपालिका मलाहीका निम्न वर्गीय परिवारकी राजमती सहनीको कार्तिक १३ गतेदेखि तीन दिन परेको अविरल वर्षाले मन्सुली धान लडेर क्षति पुगेपछि रुवाबासी चलेको छ ।
यसअघि असोज १७ गतेदेखि परेको अविरल वर्षा र अहिले गरी दुई वर्षाले धान बालीमा ठूलो क्षति पुगेपछि बिरामी राजमती धान बचाउन सकिन्छ कि भनेर उठाउने प्रयासमा लागेको बताउँदै नेपालमा सरकार भए किसानको समस्या यसरी हेरेर बस्थ्यो र अब हामी जस्ता अर्काका खेती गरेकाले के खाने भन्ने चिन्ताले सताएपछि नचाहेर पनि रुन मन लागेको सुनाउँछिन् ।
जिल्लामा राजमती जस्तै सैयौँ किसानको पीडा उस्तै छ । बारामा शुरुमा पानी नपरेर खडेरी लागेको र हाल आएर दुई दुई पटक अविरल वर्षाका कारण बारामा धेरै किसानको १५ करोड रुपैयाँ बढीको क्षति पुगेको कृषि ज्ञान केन्द्र बाराका कृषि अर्थविज्ञ एवम् सूचना अधिकारी गणेश महराले जानकारी दिए ।
सूचना अधिकारी महराले किसानको क्षति र समस्या देखेर नै सरकारलाई क्षतिको तथ्याङ्क पटाइसकेकोले क्षतिपूर्ति उपलब्ध हुने विश्वास गर्दै समग्र धान बालीमा सात प्रतिशतसम्म उत्पादन बारामा घट्ने आङ्कलन भएको बताए ।
लगातार दुई पटक परेको पानीले विशेष गरी अरूको जग्गा भाडामा लिएर खेती गरेका किसानलाई बढी नोक्सान गरेको छ । सरकारसँग आफूहरूको आवाज नपुगेकोले क्षतिपूर्तिका लागि उनीहरूले सहयोगको अपिल गरेका छन् ।

भिटामिन 'ए' तथा जुकाको औषधी खुवाउने काम जारी

धनुषा ।
मधेश प्रदेशका मुख्यमन्त्री जितेन्द्र प्रसाद सोनलले प्रदेशभर शुरु भएको राष्ट्रिय भिटामिन 'ए' कार्यक्रम प्रभावकारी बनाउन अभिभावक, स्वास्थ्यकर्मी र सरोकारवालालाई सक्रिय सहभागिताका लागि आग्रह गरेका छन् ।
बिहीबार जारी विज्ञप्तिमा मुख्यमन्त्री सोनलले प्रदेशका कुनै पनि बालबालिका भिटामिन 'ए' र जुकाको औषधिबाट वञ्चित नहोस् भनेर सबै तहबाट सहयोग र समन्वय आवश्यक रहेको उल्लेख गरेका छन् ।
राष्ट्रिय भिटामिन 'ए' कार्यक्रम अन्तर्गत मधेश प्रदेशमा बिहीबार र शुक्रबार गरी दुई दिन अभियान सञ्चालन हुँदैछ । यस अवधिमा ६ महिनादेखि ५ वर्ष उमेरका बालबालिकालाई भिटामिन 'ए' क्याप्सुल र १ वर्षदेखि ५ वर्ष उमेर समूहका बालबालिकालाई जुकाको औषधी अल्बेन्डाजोल खुवाइनेछ ।
मुख्यमन्त्री सोनलले भिटामिन 'ए' वितरण बाल स्वास्थ्य र जनस्वास्थ्यसँग प्रत्यक्ष जोडिएको कार्यक्रम भएकाले अभिभावक, स्थानीय तह र सम्बन्धित निकायले विशेष ध्यान दिनुपर्ने बताए । उनका अनुसार, यस अभियानले बालबालिकाको दृष्टि संरक्षण, रोग प्रतिरोधात्मक क्षमता वृद्धि र कुपोषण नियन्त्रणमा महत्वपूर्ण भूमिका खेल्ने विश्वास लिइएको छ ।
सरकारले आर्थिक वर्ष २०८२–८३ अन्तर्गतको पहिलो चरणको राष्ट्रिय भिटामिन 'ए' तथा जुकाको औषधी खुवाउने कार्यक्रम देशभर शुरु गरेको छ । मधेश प्रदेशको राजधानी जनकपुरधाम–२३, विन्दहीस्थित खोप केन्द्रमा औपचारिक रूपमा कार्यक्रम उद्घाटन भएको छ ।
स्वास्थ्य कार्यालय धनुषाका प्रमुख उमेश यादवका अनुसार छ महिनाभन्दा माथिका बालबालिकालाई भिटामिन 'ए' र जुकाको औषधी खुवाइँदै छ । सरकारले यस चरणमा ५ वर्षमुनिका करिब २७ लाख बालबालिकालाई भिटामिन 'ए' र २४ लाखलाई जुकाको औषधी खुवाउने लक्ष्य राखेको छ ।
बालबालिकाले दैनिक भोजनबाट आवश्यक भिटामिन प्राप्त गर्न नसक्ने भएकाले, विसं २०५० सालदेखि सरकारले हरेक वर्ष दुई चरणमा यो कार्यक्रम सञ्चालन गर्दै आएको छ । स्वास्थ्यकर्मी र स्वयंसेवकमार्फत घरघर पुगेर औषधी खुवाउने अभियान शुक्रबार पनि देशभर जारी रहनेछ ।

फरार भएका कैदीबन्दी सहित ११ प्रतिवादी पक्राउ

राकेश यादव
रौतहट ।
प्रहरीले जेन्जी आन्दोलनक्रममा गौर कारागार कार्यालयबाट भागेका १ जना थुनुवा कैदीसहित विभिन्न मुद्दाका फरार प्रतिवादीलाई पक्राउ गरेको छ ।
खोजतलासक्रममा फरार थुनुवा कैदीसहित विभिन्न मुद्दाका आरोपितलाई प्रहरीले पक्राउ गरी सार्वजनिक गरेका हुन् ।
भदौ २३ गते भएको जेन्जी आन्दोलनक्रममा गौर कारागारबाट भागेका बन्दी कर्तव्य ज्यान मुद्दाका स्थानीय चन्द्रपुर नगरपालिका वडा नम्बर १ निवासी ४७ वर्षीय नागेन्द्र माझीलाई पक्राउ गरिएको छ भने एक जना भागेका बन्दी जबरजस्ती करणी मुद्दा थुनुवा स्थानीय देवाही गोनाही नगरपालिका वडा नम्बर ६ बस्ने सुधीर कुमार राम आफैँ हाजिर हुन आएकामा दुवैलाई कारागार कार्यालय बुझाइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।
प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायव उपरीक्षक विष्णु प्रदीप बस्यालले दिएका जानकारीअनुसार लेनदेन मुद्दामा एकमहिना कैद सजाय भएका ईशनाथ–७ बस्ने जादोलाल साहलाई पक्राउ गरिएको छ ।
धारिलो हतियार देखाइ मोबाइल लुटपाट गरी फरार भएका ईशनाथ नगरपालिका–३ २१ वर्षीय मनिष कुमार साह, ज्यान मार्ने उद्योग मुद्दामा फरार रहेका माधव नारायण नगरपालिका वडा नम्बर ४ बस्ने राम अज्ञा मुखिया बिन, बैंकिङ कसुर मुद्दामा फरार रहेका गरुडा नगरपालिका वडा नम्बर ५ निवासी अभय कुमार प्रसाद साहलाइ पक्राउ गरिएको प्रहरीले जनाएको छ ।
त्यस्तै, बैंकिङ कसुर मुद्दामा फरार रहेका बौद्धिमाई नगरपालिका वडा नम्बर १ बस्ने ३० वर्षीय किशोरी प्रसाद यादव, नकबजनी चोरी मुद्दामा १ वर्ष १ महिना १५ दिन कैद र १ लाख ५४ हजार ७ सय रुपैयाँ जरिवाना भई फरार रहेका राजदेवी नगरपालिका वडा नम्बर ८ का दिनेश कुमार चौधरी कलवार, ज्यान मार्ने उद्योग मुद्दामा गरुडा नगरपालिका वडा नम्बर ६ बस्ने किशोर भनिने राजकिशोर यादव, बृन्दावन नगरपालिका वडा नम्बर ३ बस्ने युगल किशोर यादव र आपराधिक उपद्रव गर्न नहुने कसुर मुद्दाका बृन्दाबन–८ का नईमुद्दीन दर्जीलाई पक्राउ गरी थप अनुसन्धान कार्य बढाइएको प्रहरीले जनाएको छ ।

सुशासनसहित निर्वाचन लक्षित सुरक्षा व्यवस्था हुने

जनकपुरधाम।
जिल्ला प्रशासन कार्यालय, धनुषाले फागुन २१ गते हुने निर्वाचनलाई लक्षित गरी शान्तिसुरक्षा चुस्तदुरुस्त एवम् प्रभावकारी बनाउने काममा सहयोग गरिदिन जिल्लाबासीसँग अनुरोध गरेको छ।
जिल्लास्थित अगुवा एवम् सक्रिय पत्रकारसँगको भेटघाटका अवसरमा प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइटेलले सुरक्षा व्यवस्था सुनिश्चित गरी भयरहित वातावरणबीच प्रतिनिधिसभाको निर्वाचन सफल बनाउने काममा जुटेको प्रशासन संयन्त्रलाई साथ दिन सम्बद्ध सबैसँग आह्वान गरेका हुन्।
उनले जिल्लाको शान्तिसहित सरक्षा अमनचयन कायम गर्न अहोरात्र खटिरहेको नेपाल प्रहरी, सशस्त्र प्रहरी वल र नेपाली सेनालगायतका सुरक्षा निकायलाई सहयोग गर्न पनि उनले अनुरोध गरे।
नेपाल सरकारको नीति तथा निर्देशनबमोजिम विकृति, विसङ्गति एवम् भ्रष्टाचार अन्त्य गरी मुलुकमा सुशाशन कायम गर्दै निर्वाचनमैत्री सुरक्षाव्यवस्थासहित उल्लासमय वातावरणबीच घोषित मितिमा निर्वाचन गराउने काममा सरोकार भएका सबै क्षेत्रबाट साथसहयोग प्राप्त हुने विश्वास व्यक्त गरे।
सञ्चारकर्मीहरूले राखेको जिज्ञासामा सूचनाको हकसम्बन्धी ऐन कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्दै उनले भने, 'पारदर्शी ढङ्गबाट कामकाज गरी सुशासन कायम गर्ने र जनतालाई छिटोछरितो रुपमा सेवा प्रदान गर्ने, लागूऔषध ओसारपसार नियन्त्रण, यातायात तथा फोहोर व्यवस्थापनलगायतका गुनासो सम्बोधनका सवालमा अहोरात्र खटिएर सकारात्मक परिणाम दिनेछु । यसतर्फ आमसञ्चारकर्मीसहित जिल्लाबासीबाट पनि सहयोगको अपेक्षा गरेको छु।'
प्रभावकारी सेवा प्रवाहमा सम्झौता हुँदैन
पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहालले जिल्लामा सुशासन र प्रभावकारी सेवा प्रवाहका विषयमा कुनै पनि प्रकारको सम्झौता नगर्ने दृढता व्यक्त गरेका छन्। तीन दिनअघि मात्रै पर्सामा सरुवा भएर आएका दाहालले बिहीबार सञ्चारकर्मीहरूसँगको साक्षात्कारमा आफू नागरिक सेवाका लागि आएको बताउँदै सेवामा ढिलासुस्ती र लापरबाही सह्य नहुने प्रतिबद्धता जनाए।
यसअघि उनले सप्तरीमा ११ महिना सेवा गर्दै मधेशका समस्या र संवेदनशीलता राम्ररी बुझेको बताए । दाहालले जिल्लास्थित सबै सरकारी कार्यालयका प्रमुखसँग छलफल गरी सेवा प्रवाहमा सुधार र जवाफदेहीपनाको अपेक्षा व्यक्त गरे । उनले नागरिकलाई अनावश्यक दुःख दिने, ढिलासुस्ती गर्ने वा नियम विपरीत व्यवहार गर्ने कुनै पनि कर्मचारीविरुद्ध कारबाही हुने चेतावनी दिए।
दाहालले सीमाक्षेत्रबाट हुने अवैध ओसार–पसार, चोरी तस्करी र अपराध नियन्त्रणमा कडाइका साथ काम गर्ने प्रतिबद्धता पनि जनाए । साथै, नागरिकता र राष्ट्रिय परिचयपत्रका सेवामा अनावश्यक सर्जिमिन र मुचुल्का माग्ने प्रवृत्ति अन्त्य गर्ने स्पष्ट धारणा व्यक्त गरे।

सम्पादकीय

नेपाल–भारत स्टार्टअप पार्टनरसीप नेटवर्क

भारतीय राजदूतावासले आगामी महिनामा गर्न लागेको भारत–नेपाल स्टार्टअप पार्टनरसीप नेटवर्कको पहिलो कार्यक्रमसम्बन्धी अभिमुखीकरण सत्र सकेको छ । नेपाल–भारत स्टार्टअप 'इकोसिस्टम'बीचको अन्तरक्रियालाई वृद्धि गर्ने उद्देश्यका साथ आयोजना गरिने पहिलो 'इन–स्पान' कार्यक्रम सन् २०२५ डिसेम्बरमा आइआइटी मद्रासमा शुरु हुने कार्यतालिकाबारे दूतावासले जानकारी दिएको छ।

कार्यक्रममा नेपालका स्टार्टअपका प्रतिनिधिका लागि आइआइटी मद्रास प्रवर्तकसँगको सहकार्यमा आठ हप्ताको प्रशिक्षण र नवप्रवर्तन कार्यक्रम समावेश हुने बताइएको छ । यो ढाँचामा प्रशिक्षित हुन चाहने सहभागीका लागि तालिम, परामर्श र इन्टर्नसीप समावेश हुनेछ । दूतावासमा भएको कार्यक्रममा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव राधिका अर्यालले यो पहलको प्रशंसा गरिन् । दूतावास परिसरमा आयोजित सत्रमा विभिन्न स्टार्टअप, सरकारी विभाग, वाणिज्य सङ्घ, रोबोटिक्स एशोसिएसन अफ नेपाल, एनएएस आइटी, फिनटेक एलायन्स, एआई एशोसिएसन अफ नेपाल र शैक्षिक संस्थाबाट करिब १ सय सहभागी थिए।

वीरगंज तथा त्रिभुवन विश्वविद्यालयअन्तर्गतको इञ्जिनियरिङ अध्ययन संस्थान, धरान क्याम्पसका करिब ६० सहभागी भर्चुअल रूपमा कार्यक्रममा सहभागी थिए । इलेक्ट्रिकल इञ्जिनियरिङका प्राध्यापक तथा सेन्टर फर ह्युमन सेन्ट्रिक एआई, आइआइटी मद्रासका प्रमुख वैज्ञानिक प्रो गौरव रैना अनलाइन कार्यक्रममा सामेल थिए । आइआइटी मद्रास र आइआइटीएम प्रवर्तकको नवप्रवर्तन इकोसिस्टमका बारेमा जानकारी दिइएको थियो। यसअघि सोही त्रिभुवन विश्वविद्यालयअन्तर्गतको इञ्जिनियरिङ अध्ययन संस्थान, पुल्चोक क्याम्पसमा पनि यस्तै सत्र गरिएको थियो। ७० विद्यार्थी सहभागी थिए। आवेदनको मूल्याङ्कन र उम्मेदवारको अन्तर्वार्ताका आधारमा कार्यक्रमका लागि छनोट हुने दूतावासले जनाएको छ। आवेदन नोभेम्बर १५ गतेसम्म खुला रहनेछ।

यसरी हुनसक्छ युवा व्यवस्थापन

डा राजेन्द्र केसी

संयुक्त राष्ट्रसङ्घले सन् १९८५ लाईं युवा वर्ष घोषणा गरेको थियो । सन् १९९९ देखि युवाका आवाजलाईं बुलन्द गर्ने हिसाबले हरेक वर्ष १२ अगस्टका दिन युवा दिवसका रूपमा मनाउने गरिन्छ । युवाहरू स्वभावैले ऊर्जाशील, सकारात्मक परिवर्तनका संवाहक र परिवर्तनका उत्प्रेरक हुन् । युवा भन्ने बित्तिकै शारीरिक, मानसिक शक्तिले ऊर्जाशील व्यक्तित्व बुझिन्छ । आजको युवाले राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरण सक्रिय भएर लग्नु जरुरी छ । यो वर्ग साहस, सिर्जनशील, उच्च आत्मविश्वास, निर्णय गर्न सक्ने क्षमता, काम गर्न सक्ने तत्परता भएको हुँदा राष्ट्र निर्माणमा सहभागी गराई देशको मानवीय पुँजीका रूपमा राज्यले परिचालन गर्नु पर्दछ । उमेरको हदलाईं हेरी युवाको परिभाषा विभिन्न मुलुकका सरकारले आआफ्नै तरिकाले गरेको पाइन्छ।

नेपालको राष्ट्रिय युवा परिषद् ऐन, २०७२ तथा राष्ट्रिय युवा नीति, २०७२ ले १६ देखि ४० वर्ष उमेरकालाई युवा घोषित गरेएको छ । 'युथ भिजन २०२५' ले युवाको उमेर समूहलाई १६ देखि २४ वर्ष र २५ देखि ४० वर्ष गरी दुई उमेर समूहमा विभाजन गरेको छ । भारतले १६ देखि २९ वर्ष, चीनले १८ देखि ३५ वर्ष, जर्मनीले १४ देखि २६ वर्ष, बङ्गलादेश र फिलिपिन्सले १५ देखि ३० वर्ष, दक्षिण अफ्रिकाले १५ देखि २९ वर्षलाई युवा भनी घोषणा गरेका छन् । युवाको परिभाषा आआफ्नै तरिकाले भने पनि अधिकांश देशमा युवाको उमेर १५ देखि ३५ वर्षको उमेरलाई प्राथमिकता दिएको पाइन्छ। राष्ट्रसङ्घीय जनसङ्ख्या कोषले भने काम गर्नसक्ने उमेर भनेको १५ देखि ६४ वर्षको जनसङ्ख्यालाई मानेको छ तर हाम्रो देशमा भने ४१ वर्षदेखि माथिको उमेरलाई पाको उमेरको संज्ञा दिइएको छ। कैयन् विभिन्न सेवामा काम गर्ने मानिस ५० वर्षदेखि पेन्सन पकाएका छन् भने ५९ वर्षमा त काम गर्न नै नसक्ने भनेर अवकाश गरी घरमा नै बसेको पाइन्छ।

हाम्रो देशको कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाको नीति, नियम, कानून, विनियम राम्रोसँग अध्ययन गरी परिवर्तन गर्नु पर्दछ । नीति नियमले नै एउटै नेपाली जनतालाई काखा र पाखा गरेको छ । नेपालमा उद्योग धन्दाहरू नहुँदा, युवावर्गलाई विदेशिन बाध्य हुन पुगेका छन्। नेपाल सरकारले १ सय १० देशलाई संस्थागतरूपमा वैदेशिक रोजगारमा जान खुला गरेको छ। व्यक्तिगत श्रम स्वीकृतिमा १ सय ७२ मुलुकमा नेपाली कामका लागि वैदेशिक रोजगारमा गएका छन् । आर्थिक वर्ष २०७७–७८ सम्म ४४ लाख ३३ हजार ८१२ जना कामदार वैदेशिक रोजगारमा गएका छन् । उक्त सङ्ख्या भारतबाहेक अन्य मुलुकको तथ्याङ्क हो । यदि भारतलाई पनि जोडे भने जम्माजम्मी ८० लाखभन्दा बढी युवा बाहिरिएको देखिन्छ । वैदेशिक रोजगारमा गएकामध्ये दक्ष कामदार १.५ प्रतिशत, अद्र्धदक्ष कामदार २.४ प्रतिशत, अदक्ष कामदार ७४.५ प्रतिशत रहेको छ। यही आर्थिक वर्ष २०७७–७८ सम्ममा वैदेशिक रोजगारमध्ये मलेसियामा २८.४ प्रतिशत, कतारमा २.७ प्रतिशत, साउदी अरेबियामा २०.९ प्रतिशत छन् । यसमा भारत जाने कामदारको सङ्ख्या समावेश गरिएको छैन।

युगको युवा

नेपालको इतिहास हेर्ने हो भने १०४ वर्ष राणाशासनको युग थियो । ३० वर्षको पञ्चायती शासनको युग थियो । विसं २०४६ देखि २०६२–६३ को बहुदलीय व्यवस्थाको युग थियो। विसं २०६२–६३ देखि आजसम्म लोकतान्त्रिक गणतन्त्रको युग छ। हरेक युगलाई हे¥र्यौं भने हरेक परिवर्तनलाई अध्ययन ग¥र्यौं भने तत्कालीन युवाले नै परिवर्तनमा भूमिका खेलेको पाइन्छ । त्यतिबेलाको परिवर्तन धेरै गाहे थियो। कठिन थियो । बोल्न, लेख्न पाइँदैनथ्यो । शासक वर्गको कठपुतली बन्दै जे पनि हुन्छ भनेर भन्नु पर्दथ्यो । त्यसकारणले पनि हामीले हाम्रा पुर्खालाई मानसम्मान गर्दै आदर गर्दै हरेक पार्टीका युवाले आफ्नो अभिभावक र संरक्षक बनाएर राज्य सञ्चालन र देशको विकास गर्न युवा वर्ग चालक–पाइलट बनेर अगाडि बढ्नुपर्दछ।

हाम्रा पुर्खाको अनुभव, ज्ञान, दक्षता, क्षमता भनेको शासन परिवर्तन गर्ने, लडाइँ गर्ने, जेल बस्ने, जङ्गलबाट युद्ध गर्ने, सत्ता परिवर्तन गर्ने जस्ता साहसिला काम गर्नुभयो । जेलनेल बस्दा विश्वविद्यालय अध्ययन गर्न पाउनु भएन, राम्रा पुस्तक अध्ययन गर्न पाउनु भएन। संसारको देशमा कस्तो विकास भएको छ सोको पहिचान गर्न पाउनुभएन । विकासको रणनीतिक धारणा थाहा पाउनुभएन । अहिलेको युवाहरूले आफ्नै देशमा राम्रा राम्रा स्कुल, कलेज, विश्वविद्यालयमा अध्ययन गर्ने मौका पाएका छन् । विश्वका विश्वविद्यालयमा अध्ययन गरेका छन् । विश्वका विकसित मुलुकको अध्ययन गरेका छन्। सूचना र प्रविधिको उपयोग गर्न पाएका छन्। स्थल, जल र वायुयानको माध्यमद्वारा छिटो भन्दा छिटो यात्रा गर्न पाएका छन् । एक्काइसौँ शताब्दीको विकास र आवश्यकतासँग परिचित छन् । पहिचान गर्न सक्छन् । अबको विकास अघिल्लो पुस्तालाई चाहिने होइन । अबको विकास सकिन्छ हाम्रो पुस्ताले उपयोग गर्ने हो, सकिँदैन भने अर्को पुस्ताले उपयोग गर्ने हो। एकपटक यो पुस्ता 'बौलाहा' बनेर काम गर्नुपर्दछ । 'पागल' बनेर काम गर्नु पर्दछ । अहिलेको पुस्ताको ज्ञान, बुद्धि, विवेक, चाहना भनेको व्यवस्थापनमा छ, विचारमा छ, विकासमा छ, बजारमुखी अर्थतन्त्रमा छ, उत्पादनमुखी अर्थतन्त्रमा छ, स्वावलम्बी बन्नेमा छ, एन्टरप्रेनरसिपमा छ, स्टार्टसअप व्यवसायमा छ, स्वतन्त्र तरिकाले काम गर्नेमा छ। यो देश बनाउन लगभग ४१ प्रतिशत युवाको इच्छा, चाहना, विचार र आवश्यकता बुझ्ने र बुझाउने राजनैतिक नेतृत्व, व्यावसायिक नेतृत्व र कुशल प्रशासकको आवश्यकता पर्दछ। आगामी पुस्ताको लागि, यो पुस्ताले नेतृत्व लिनैपर्दछ । प्रशासन चलाउनु नै पर्दछ। हरेक व्यक्ति, समाज, र देशमा एउटा युग आउँछ, त्यस समयमा शासन पद्धति त्यही युगका व्यक्तिले चलाउँछ। आज नेपालमा युवाको 'युग' आएको छ। केही दशक वा हिजोसम्म धेरै उमेर र अनुभवी व्यक्तिको युग थियो। त्यो युग आज फेल भएको प्रमाणित भएको छ। यसको प्रमाण धेरै छन्, जसमध्ये ८० लाखभन्दा बढी युवा संसारका विभिन्न देशमा कामको खोजीमा छन्।

अब यो विदेशिएका युवालाई स्वदेशमा फिर्ता गर्नुपर्ने देखिन्छ। अबको नेतृत्व युवाले गर्न ुपर्दछ । यो देशको मुहार फेर्नुपर्दछ । संसारको हरेक देशलाई हे¥र्याँ भने हामीजस्तै गरी उठेका छन्। मरुभूमि बालुवाबाट उठेका छन्। चिसोभन्दा चिसो हावापानी र हिउँबाट उठेका छन्। तातोभन्दा तातो हावापानीबाट माथि उठेका छन्, जुन देश बन्नका लागि एक समय युवाहरूले त्याग गरे र देश निर्माण गरे । हाम्रा युवाहरूले संसारको १ सय ७२ देश प्रत्यक्ष वा अप्रत्यक्ष तरिकाले बनाइसके । अब आफ्नै देश किन नबनाउने ? आफ्नै देश बनाउने बेला आएको छ।

युवाको परिभाषा र युवा हुनका लागि समाजको परिवर्तन र रूपान्तरणमा देन दिन सक्नुपर्दछ । आफूले आफ्नै स्वार्थको लागि काम गर्नु युवाको परिभाषा भित्र पर्दैन। तर, आफूलाईं परिवर्तन गरेर समाजलाईं परिवर्तन गर्नुपर्दछ । परिवर्तन यति सजिलो छैन, ठूलो त्याग र तपस्या गर्नुपर्दछ। यसको लागि प्रशस्त मात्रामा अनुशासन र आफूले आफूलाईं कानून बनाएरअगाडि बढ्नुपर्दछ । सरकारले बनाएको कानुनले व्यक्तित्व विकास गर्न कुनै सहयोग गर्दैन। आजको युवाले बिर्सनै नहुने विषय के हो भने जीवनका ससाना विषयवस्तुलाईं मध्यनजर गरी कार्य गर्नुपर्दछ; जस्तै–दैनिक क्रियाकलाप, समयको सही व्यवस्थापन, साथीसँगको उठबस, सकारात्मक सोचको विकास, पारिवारिक सम्बन्ध, सामाजिक कार्यमा संलग्न, माया, प्रेम, शैक्षिक कार्यक्रममा सहभागिता नेतृत्वदायी भूमिका, साहित्यिक काममा संलग्न, नयाँनयाँ पुस्तकको अध्ययन, आफूभन्दा ठूला मानिससँगको सङ्गतलगायत कार्यहरूलाईं आफ्नो दैनिकीमा राख्नुपर्दछ।

जहिले पनि परिवर्तन सानो विषयबाट हुन्छ, परिवर्तन एउटा विषयबाट शुरु गरेर यो विषयलाईं अन्त्य गर्न सक्नुपर्दछ । परिवर्तन गर्न चाहनेले कहिल्यै पछि हट्नुहुँदैन र कहिले अल्छी गर्नु पनि हुँदैन। यो संसार सक्नेका लागि हो, कसैले कसैलाईं टीका लाएर केही पनि दिएको छैन। यो आकाश खुल्ला छ, उड्नेको लागि बाटो खाली छ, पैदलबाट हिँड्नुस् वा गाडीबाट गुड्नुस् वा चुप लागेर घरमा बस्नुस् दुवै बाटो खुल्ला छ । हामी कहाँ जान चाहन्छौं र कसरी यसलाईं व्यवहारमा प्रयोग गर्छौं भन्ने कुराको दृष्टिकोण, लक्ष्य र उद्देश्य स्पष्ट हुनुपर्दछ र त्यसैमा तल्लीन भएर लाग्नुपर्दछ । यसैलाईं व्यवहारमा उतार्न सक्नुपर्दछ।

नेपाली युवाको अवसरका क्षेत्र

हाम्रो देश हरेक हिसाबले उर्वर भूमि हो। यो भूमिमा जे पनि फल्छ र फलाउन सकिन्छ। हिमाल छ, पहाड छ, तराई छ, खेतीयोग्य जमिन छ, पर्यटन स्थल छ, जडीबुटी, जङ्गल, जल र अनगन्ती नदीनाला छ। त्यस्तै गरी नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले पनि युवासँग गरिने विविध प्रकारका योजना छन्। नेपाली युवाको अवसरका क्षेत्र हामो देश हरेक हिसाबले उर्ऱवर भूमि हो। यो भूमिमा जे पनि फल्छ र फलाउन सकिन्छ। हिमाल छ। पहाड छ। तराई छ। खेतीयोग्य जमिन छ। पर्यटन स्थल छ। जडीबुटी, जङ्गल, जल र अनगन्ती नदीनाला छन्। त्यस्तैगरी नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले पनि युवासँग गरिने विविध प्रकारका योजना छन् । युवा तथा खेलकुद मन्त्रालयले युवासँग सरोकार हुने राष्ट्रिय युवा नीति, २०६६ जारी गरेको छ।

राष्ट्रिय युवा नीतिमा युवाका क्षेत्रमा काम गर्ने युवाहरू राजनीतिक क्षेत्रमा आबद्ध युवा, विशेष प्राथमिकता क्षेत्रका युवा, अपाङ्गता भएका युवालाईं सहभागी गर्दै लैजाने रणनीति छ । मन्त्रालयले युवा साझेदारी कार्यक्रम, राष्ट्रिय तथा अन्तरराष्ट्रिय युवा अनुभव आदानप्रदान कार्यक्रम, युवा सूचना केन्द्र, स्वरोजगारको लागि तालिम, युवा प्रतिभा सम्मान कार्यक्रम र युवा उत्तरदायी बजेट कार्यक्रममा सहभागी भइरहेको छ । युवा सूचना केन्द्र, राष्ट्रिय तथा अन्तरराष्ट्रिय युवा गैरसरकारी सङ्घ–संस्थासँग मिलेर अगाडि बढाउने कार्यक्रम स्थानीयस्तरसम्म युवाको सञ्जाल बनाउने कार्यक्रम गरी रहेको छ। राष्ट्रको अमूल्य मानवस्रोत र ऊर्जाको भण्डार युवा हो।

युवा तथा खेलकुद मन्त्रालयले युवासँग सरोकार हुने राष्ट्रिय युवा नीति, २०६६ जारी गरेको छ। राष्ट्रिय युवा नीतिमा युवाका क्षेत्रमा काम गर्ने युवाहरू राजनीतिक क्षेत्रमा आवद्ध, विशेष प्राथमिकता क्षेत्रका युवाहरू, अपाङ्गता भएका युवालाईं सहभागी गर्दै लैजाने रणनीति छ। मन्त्रालयले युवा साझेदारी कार्यक्रम, राष्ट्रिय तथा अन्तरराष्ट्रिय युवा अनुभव आदान–प्रदान कार्यक्रम, युवा सूचना केन्द्र, स्वरोजगारका लागि तालिम, युवा प्रतिभा सम्मान कार्यक्रम, र युवा उत्तरदायी बजेट कार्यक्रममा सहभागी भइरहेको छ। युवा सूचना केन्द्र, राष्ट्रिय तथा अन्तरराष्ट्रिय युवा गैरसरकारी सङ्घ–संस्थासँग मिलेर अगाडि बढाउने कार्यक्रम, स्थानीयस्तरसम्म युवाहरूको सञ्जाल बनाउने कार्यक्रम गरि नै रहेको छ। रासस

देउतालाई 'चढाइएका' किशोरीहरूको यौन शोषण

मीनाथन नटराजन

एक यौनकर्मीको रूपमा चन्द्रिकाको जीवन एउटा धार्मिक कार्यबाट आरम्भ भएको थियो। पन्ध्र वर्षको उमेरमा उनलाई मन्दिर लगियो र देवीसँग विवाह गराइयो । 'त्यतिखेर मलाई यो रीतिको अर्थ थाहा थिएन,' उनले बीबीसीलाई भनिन्। अहिले चन्द्रिका ३० वर्ष कटिसकिन् । उनले पैसाका निम्ति यौनसम्बन्ध राख्न थालेको पनि दुई दशक बितिसक्यो।

दक्षिण भारतीय राज्य कर्नाटकमा चन्द्रिकाजस्तै देवदासी प्रथा अँगालेपछि यौनकर्मी बन्न बाध्य महिलाहरूको पहिचान गर्न सर्वेक्षण हुन लागेको छ । देवदासीको प्रथा दक्षिण भारतमा १ हजार वर्षभन्दा पहिलेदेखि चल्दै आएको हो । सुरुमा तिनले मन्दिरमा नाचगान गर्ने कलाकारको काम गर्थे । तर पछि त्यो परम्पराबाट वेश्यावृत्तिलाई जन्म दियो।

ब्रिटिश औपनिवेशिक कालमै भारतका विभिन्न भागमा यो प्रथामाथि प्रतिबन्ध लगाइएको थियो । कर्नाटकमा चाहिँ सन् १९८२ मा यो प्रजा वर्जित गरियो तर हालसम्म पनि व्यवहारमा चल्दै आएको छ। गाउँमा बस्ने देवदासीहरूको कोही निकट साथी वा अन्य ग्राहक हुन्छन् भने कैयौँ चाहिँ मुम्बईजस्तो सहर गएर वेश्यालयमा काम गर्छन्।

यौनकर्ममा फसाइन्छ

कर्नाटकको नगर बेलगाममा देवदासी बनाइएकी चन्द्रिका त्यसपछि आफ्नै घर आइन् र चार वर्षसम्म सामान्य जीवनयापन गरिन् । त्यसपछि उनकी एक महिला आफन्तले घरेलु कामदारको जागिर दिलाउने भन्दै उनलाई औद्योगिक नगर साङ्गली लगिन् । त्यहाँ चन्द्रिकालाई वेश्यालयमा पु¥याइयो।

'शुरुका केही महिनाहरू अत्यन्त कठिन थिए। म बिरामी परेँ। खान वा सुत्न सकिनँ,' चन्द्रिका सम्झन्छिन्, 'त्यहाँबाट भाग्नेबारे सोचिरहन्थेँ तर पछि बिस्तारै मैले परिस्थितिलाई स्वीकार गरेँ।'

जम्मा १९ वर्षकी चन्द्रिका एकदमै कम शिक्षित थिइन् अनि साङ्गलीमा बोलिने हिन्दी वा मराठी भाषा पनि बुझ्दिनथिइन्। 'कोही ग्राहके ले मलाई शारीरिक हमला गरे, कोहीले दुर्वचन लगाए। मलाई एकदम गाह्रो भयो,' उनले भनिन् । त्यहाँ आउने ग्राहकहरूमा कलेजका विद्यार्थीदेखि लिएर ड्राइभर, वकिल तथा ज्यालादारी श्रमिकहरू हुन्थे। साङ्गलीमा रहँदा चन्द्रिकाले उनको साथी भेटिन्–एक ट्रक ड्राइभर।

उनीहरूको एउटा छोरा र एउटा छोरी भए। चन्द्रिका वेश्यालयमै काम गर्थिन् भने छोराछोरीको रेखदेख तिनका पिताले गर्थे। त्यहाँ चन्द्रिकाले दैनिक १० देखि १५ ग्राहकलाई सेवा दिनुपथ्र्यो। दोस्रो सन्तान जन्मिएको केही वर्षपछि उनका साथी सडक दुर्घटनामा बिल्छन् । अनि उनी बेलगाम फर्किन्छिन्। त्यहाँ उनले अनुवादकमार्फत् बीबीसीसँग कुरा गरिन्।

'पुरुष हामीसँग बिहे गर्न आउँदैनन्'

सबै देवदासी वेश्यालयमा काम गर्दैनन् । अनि सबै यौनकर्मी पनि हुँदैनन् । तेइस वर्षीया अङ्किता र शिल्पा नातेदार हुन्। उनीहरू उत्तरी कर्नाटकको गाउँमा बस्छन्। चन्द्रिकाजस्तै उनीहरूपनि दलित भनिने समुदायका सदस्य हुन्।

शिल्पाले स्कूलमा एक वर्षमात्रै पढिन्। सन् २०२२ मा उनी देवदासी बनिन् । अङ्किताले चाहिँ १५ वर्षको उमेरसम्म पढिन् र सन् २०२३ मा उनी पनि देवदासी बनिन्। दाजुको मृत्युपछि उनलाई देवदासी बन्न दबाव आएको थियो।

'मेरा आमाबुबाले मलाई देवीकहाँ अर्पण गर्न चाहे । मैले मानिनँ । एक हप्तापछि उनीहरूले मलाई खान दिनै छाडे,' अङ्किताले भनिन्, 'मलाई ननिको लाग्यो। परिवारका निम्ति मैले स्वीकार गरेँ । दुलहीजस्तो लुगा लगाएर मेरो देवीसँग बिहे गराइयो।' अङ्किताले सेता मोती र रातो पोते भएको माला देखाइन् । त्यो देवीसँग बिहे गरेको सङ्केत हो।

उनकी आमा वा हजुरआमा देवदासी थिएनन्। परिवारको सानो टुक्रा जमिन थियो जसले उनीहरूलाई खान पुग्दैन थियो।कोही पनि अर्पण गरिएन भने देवीले सराप्छिन् भन्ने डर थियो । देवदासीहरूले बिहे गर्न पाउँदैनन् तर अर्कै महिलासँग कानुनी रूपमा विवाहित कुनै पुरुषसँग निकट सम्बन्धमा बस्न सक्छन्।

अङ्किताले उनीसँग सम्बन्धमा बस्न चाहने सबै पुरुषहरूको प्रस्ताव अस्वीकार गरिन्। उनी कृषि मजदूर हुन् र दिनको करिब ५०–६० रुपैयाँ कमाउँछिन् । शिल्पाको जीवनले भने बेग्लै मोड लियो। देवदासी बनेलगत्तै उनले एक प्रवासी श्रमिकसँग सम्बन्ध गाँसिन्। 'म देवदासी भएको थाहा पाएर ऊ मेरो समक्ष आएको थियो,' उनले भनिन्।

कैयौँ देवदासी महिलाजस्तै शिल्पा आफ्नै घरमा उक्त पुरुषसँग बसिन्। 'ऊ मसँग केवल केही महिना बस्यो र मलाई गर्भवती बनायो। उसले मलाई करिब ५ हजार रुपैयाँ दियो। म गर्भवती भएको विषयमा उसले कुनै प्रतिक्रिया जनाएन । एकदिन अचानक गायब भयो ।' त्यतिखेर शिल्पा तीन महिनाकी गर्भवती थिइन् र रनभुल्ल भएकी थिइन्।

'मैले उसलाई फोन गर्न खोजेँ तर लागेन। ऊ कहाँबाट आएको थियो भन्ने पनि थाहा थिएन।'

उसलाई खोज्न प्रहरीकहाँ उनी गइनन् । 'हाम्रोतिर पुरुष हामीसँग बिहे गर्न आउँदैनन्,' उनले भनिन्।

गरिबी र शोषण

डा एम भाग्यलक्ष्मी स्थानीय गैरसरकारी संस्था सखी ट्रस्टकी निर्देशक हुन्। उनले गत दुई दशकदेखि देवदासीहरूसँग काम गर्दै आएकी छन्।

प्रतिबन्धित भए पनि देवदासी प्रथा चलिरहेको उनले बताइन्। 'हरेक वर्ष हामी तीनदेखि चार किशोरीलाई देवदासी बन्नबाट रोक्छौँ । तर अधिकांश यस्ता धार्मिक गतिविधि गोप्य रूपमा गरिन्छन्। कुनै किशोरी गर्भवती भइन् वा बच्चा पाइन् भने मात्र हामीले थाहा पाउँछौँ।'

कैयौँ महिलाहरूले आधारभूत सेवा नपाउने, उचित खानपान तथा शिक्षा नपाउने अनि सहयोग माग्न पनि डराउने डा भाग्यलक्ष्मीले बताइन्। 'हामीले विजयनगर जिल्लामा १० हजार देवदासीको सर्वेक्षण ग¥र्यौँ। मैले कैयौँ दृष्टिहीन तथा अपाङ्गता भएका अनि जोखिममा परेका महिलाहरू यो प्रथामा धकेलिएको देखेकी छु। लगभग ७० प्रतिशतसँग त बस्ने बास पनि छैन,' उनले बीबीसीलाई भनिन्।

देवदासीका निकट साथीहरूले प्रायः कन्डम लगाउन मान्दैनन्। परिणामस्वरूप उनीहरू नचाहेको गर्भ बोक्न पुग्छन् वा एचआईभीजस्तो रोगको जोखिममा पर्छन्। डा भाग्यलक्ष्मीको अनुमानमा देवदासीमध्ये ९५ प्रतिशतजति दलित समुदायका छन् भने बाँकी विभिन्न जनजाति समुदायका छन्।

विगतमा जस्तो अचेल तिनलाई मन्दिरले कुनै आम्दानी पनि दिँदैन। 'देवदासी प्रथा केवल शोषणकारी बनेको छ,' उनले जोड दिएर भनिन्।

प्रथाको अन्त्य

बेलगामको साउनदत्ती यलम्मा मन्दिरमा हुने वार्षिक मेलामा वर्तमान तथा पूर्व देवदासीहरू भेला हुन्छन् । तर अधिकारीहरू चाहिँ त्यहाँ देवदासी बनाउने कुनै समारोह नहुने बताउँछन्। 'यसो गर्नु दण्डनीय अपराध हो । मेलाका समयमा मानिसहरूलाई सचेत गराउन हामीले पोस्टर तथा पर्चा बाँड्छौँ,' विश्वास वसन्त वैद्यले भने।

वैद्य कर्नाटक विधानसभाको सदस्य हुन्। उनी यलम्मा मन्दिर व्यवस्थापन समितिका पनि सदस्य हुन्। सक्रिय देवदासीहरूको सङ्ख्या निकै घटिसकेको उनले बीबीसीलाई बताए। 'अहिले मेरो क्षेत्रमा सायद ५० देखि ६० जना मात्र देवदासी होलान्,' उनले भने, 'मन्दिरमा कसैले पनि यो प्रथाको प्रवर्धन गरेका छैनन्।'

'हाम्रा कडा कदमका कारण हामीले देवदासी प्रथा बन्द गराएका छौँ,' उनले भने । सन् २००८ मा कर्नाटक सरकारले गराएको पछिल्लो सर्वेक्षणमा राज्यभरि ४६ हजार देवदासी रहेको देखिएको थियो।

आगामी पुस्ता

यौनकर्मबाट कमाएको पैसाको सहयोगले चन्द्रिका चरम गरिबीबाट मुक्त भइन् । आफ्ना छोरीहरूलाई सामाजिक हेलाँबाट जोगाउन उनले बोर्डिङ स्कूल पठाएकी छन्। 'छोरीलाई लिएर म एकदमै चिन्तित थिएँ,' चन्द्रिकाले भनिन्।

'जब छोरी १६ वर्षकी भइन् मैले उनको विवाह गराइदिएँ ताकि मजस्तो देवदासी बन्नु नपरोस् भनेर । अहिले छोरी उसको पतिसँग बस्छिन्।' चन्द्रिका एक गैरसरकारी संस्थामा काम गर्छिन् अनि नियमित एचआईभी परीक्षण गराइरहन्छिन्।

'मेरो उमेर ढल्दै छ–केही वर्षपछि म यो काम गर्न सक्दिनँ,' उनले भनिन् । त्यसपछि तरकारी तथा फलफूलको पसल खोल्ने उनको योजना छ।

शिल्पाको चाहना आफ्नी छोरीलाई उचित शिक्षादीक्षा दिलाउनु रहेको छ । देवदासी प्रथाप्रति उनी बेखुसी छिन्।

'म चाहन्छु यो बन्द होस्। मेरो छोरीलाई म देवदासी कदापि बनाउँदिनँ । म यो प्रथा चलोस् भन्ने चाहन्नँ,' उनले भनिन् । अङ्किता चाहिँ विवाह गर्न चाहन्छिन् र यो मोतीको माला फुकाल्न चाहन्छिन् । (पहिचान गोप्य राख्न चन्द्रिकाको नाम परिवर्तन गरिएको छ) बीबीसी

सांसदको काम थिति बसाल्ने होः उपसभापति वाग्ले

तनहुँ ।
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उपसभापति डा स्वर्णिम वाग्लेले सांसदको काम देश बनाउने र थिति बसाल्ने भएको बताएका छन् ।
दमौली खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थालाई बिहीबार विभिन्न सामग्री हस्तान्तरण गर्दै वाग्लेले भने, 'गत उपनिर्वाचनमा तनहुँ क्षेत्र नं १बाट निर्वाचित भएपछि जनताको मसँग धेरै अपेक्षा थियो, सांसदको मूल काम देश बनाउने हो, कानून बनाउने हो । थिति बसाल्न तपाईंहरुले पठाउनुभएको हो भनेर सबैलाई सम्झाएको थिएँ ।'
साना तिना काम गर्न स्थानीय तह छन् भन्ने जनतामा बुझाउन लागेको बताउँदै उनले आफू सांसद हुँदा इमानदार प्रयास गरेको उल्लेख गरे ।
दमौली खानेपानी उपभोक्ता संस्थाबाट सहयोगको आग्रह गरिएपनि विगतमा सरकारमा नहुँदा बजेट राख्न नसकिएको वाग्लेको भनाइ थियो । उनले भने, 'खानेपानी जस्तो संवेदनशील विषयमा विगतमा पनि सहयोगको आग्रह गर्नुभएको थियो, सांसदको एकसुको पनि बजेट थिएन । निजी सहयोगकर्ता, दानवीर खोज्दै जाँदा केही सहयोग गर्न सक्यौँ ।'
संस्थाका अध्यक्ष बुद्धिमान श्रेष्ठले तीन हजार ८ सय निजी धाराबाट २५ हजार बढी जनसंख्याले खानेपानी सुविधा पाइरहेको जानकारी दिए । रासस

बालेनको राहदानी रोक्का र पक्राउ माग गर्दै जाहेरी

काठमाडौँ ।
नेकपा एमाले निकट युवा संघले काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र साह (बालेन) विरुद्ध साइबर अपराधको उजुरी दर्ता गरेको छ । बिहीबार दिउँसो संघका प्रतिनिधिहरू साइबर ब्युरो, बानेश्वर पुगेर मेयर साहविरुद्ध आधिकारिक रूपमा जाहेरी दिएका हुन् ।
युवा संघले दिएको जाहेरीमा मेयर साहले केही दिनअघि सामाजिक सञ्जाल फेसबुक मा विभिन्न देश र नेपालका राजनीतिक दलहरूको नाम उल्लेख गर्दै आपत्तिजनक शब्द प्रयोग गरेको आरोप लगाइएको छ । उक्त स्टाटस केही समयपछि उनले हटाए पनि त्यसपछि उनको अभिव्यक्तिको विरोध तीव्र बनेको थियो ।
संघका अनुसार मेयर साहको उक्त पोस्टले नेपालका लोकतान्त्रिक आन्दोलनमा अग्रणी भूमिका खेलेका दलहरूको अपमान मात्र नभई सार्वजनिक पदमा बसेको व्यक्तिबाट अशोभनीय भाषा प्रयोग भई 'सार्वजनिक शान्ति खलल' हुने अवस्था सिर्जना भएको छ ।
युवा संघले जाहेरीमा उल्लेख गरेको छ, 'मेयर साहले मित्र राष्ट्र र नेपालबीचको मैत्रीपूर्ण सम्बन्धमा समेत आँच पु¥याउने गरी स्ट्याटस लेखेका छन् ।'
संघले प्रचलित कानूनअनुसार मेयर साहमाथि कडा भन्दा कडा कारबाही गर्न, उनलाई तत्काल पक्राउ गरी विदेश भाग्नबाट रोक्न र राहदानी रोक्का गर्न माग गरेको छ ।
यसअघि मेयर साहले सामाजिक सञ्जालमा आफूले लेखेको स्ट्याटस 'भावनात्मक प्रतिक्रिया' भएको भन्दै केही समयपछि माफी माग्दै पोस्ट हटाएका थिए, तर विवाद भने अझै चर्किँदै गएको छ ।

मङ्सिरभित्र महाधिवेशन नभए केन्द्रीय समिति भङ्ग गर्न माग

काठमाडौँ ।
नेपाली कांग्रेसका नेताहरुले पार्टीको विधानअनुसार आगामी मङ्सिरभित्र नियमित महाधिवेशन हुन नसके केन्द्रीय समितिका सबै पदाधिकारी र सदस्यले राजीनामा दिनुपर्ने माग गरेका छन् ।
केही जिल्ला सभापतिको सक्रियतामा बिहिवार राजधानीमा आयोजित कांग्रेस १५औँ महाधिवेशन बृहत् दबाबमूलक भेला कार्यक्रममा उनीहरुले तोकिएको समयमा महाधिवेशन हुन नसके त्यसको जिम्मेवारी नेतृत्वले मात्र नभई सिङ्गो केन्द्रीय कार्यसमितिले लिनुपर्नेमा जोड दिएका हुन् ।
कांग्रेस जिल्ला कार्यसमिति भक्तपुरका सभापति पूर्वसांसद दुर्लभ थापाको सभापतित्वमा सम्पन्न कार्यक्रममा महोत्तरी सभापति नागेन्द्र यादव, रौतहट सभापति जितेन्द्र यादव, बागलुङका सभापति

जीत शेरचन, कागेश्वरी मनोहरा नगरपालिकाका नगरप्रमुखसमेत रहेका काठमाडौँ क्षेत्र नं. २ का पूर्वसभापति उपेन्द्र कार्की, वर्तमान क्षेत्रीय सभापति जयकृष्ण महर्जनलगायतले विधानले तोकेको समय आगामी मङ्सिरभित्र पार्टीको नियमित महाधिवेशन नभए केन्द्रीय समितिका सबैले राजीनामा दिएर तदर्थ समिति गठन गरी महाधिवेशन गरिनुपर्ने बताएका हुन ।
कार्यक्रममा नेपाल विद्यार्थी सङ्घ (नेविसङ्घ) का पूर्वमहामन्त्री दीपक भट्टराई, नेपाल तरुण दलका केन्द्रीय सदस्य देव लामा, नेविसङ्घका पूर्वकेन्द्रीय सदस्यद्वय बद्री अर्याल र दीपक सोनी, कांग्रेस महाधिवेशन प्रतिनिधि गीता गुरुङ, पाटन बहुमुखी क्याम्पसका पूर्वस्ववियु सभापति लाओसकुमार राईलगायतले मङ्सिरभित्र नियमित महाधिवेशन गर्न नसके केन्द्रीय समिति भङ्ग गरी तदर्थ समिति गठन गरिनुपर्ने, युवाका नाममा २० वर्षअघिदेखि तीन जना व्यक्तिको मात्र प्रतिनिधित्व भइरहने परिपाटीको अन्त्य गर्न माग गरेका छन् ।रासस

राहदानीको विषय समाधान उन्मुख छः परराष्ट्र

काठमाडौँ ।
परराष्ट्र मन्त्रालयले हाल सेवाग्राहीको उच्च मागअनुसार राहदानी पुस्तिका केही न्यून संख्या भएपनि यो विषय समाधान उन्मुख रहेको जनाएको छ । राहदानी पुस्तिका बाहिर प्रचारमा आएजस्तो अवस्थामा नरहेको मन्त्रालयले स्पष्ट पारेको हो ।
मन्त्रालयअन्तर्गतको राहदानी विभागले विद्युतीय राहदानी आपूर्तिका लागि नयाँ आपूर्तिकर्तासँग विसं २०८२ साउनमा खरिद सम्झौता गरिसकेको छ । उक्त सम्झौताअनुसार आगामी फागुन ११ गतेदेखि राहदानी सेवा सञ्चालन हुनेगरी पूर्वाधार तथा प्रणाली निर्माणसम्बन्धी कार्य तीव्र रूपमा भइरहेको मन्त्रालयले जनाएको छ ।
मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले भने, 'हामी अहिले नयाँ आपूर्तिकर्ता र हालको आपूर्तिकर्ताबीच हुने 'हेण्डओभर–टेकओभर'को सङ्क्रमणकालीन अवस्थामा छौँ । नयाँ खरिद सम्झौताबमोजिम नयाँ सेवा प्रदायकले आगामी फागुन ११ गतेदेखि राहदानी उत्पादन प्रारम्भ गर्ने निश्चित भएको छ ।'
विभागबाट प्रदान गरिने अत्यावश्यक राहदानी सेवा निरन्तर सञ्चालनमा रहने भएपनि अतिआवश्यक परेका आकस्मिक उपचार, तत्काल रोजगारी वा विदेशमा अप्ठ्यारोमा परेको अवस्थाका व्यक्तिले मात्र हाल राहदानीका लागि आवेदन प्रक्रिया अगाडि बढाउन मन्त्रालयले अनुरोध गरेको छ । साथै मन्त्रालयले यस्तो अवस्थामा सबैले धैर्य गरी सरकारलाई सहयोग पु¥याउन आग्रहसमेत गरेको छ ।
हालको सङ्क्रमणकालीन अवस्थामा राहदानीको अभाव नहुने व्यवस्था गर्न आवश्यक कार्य भइरहेको बताउँदै प्रवक्ता क्षेत्रीले यही कात्तिक १७ गते साँझ ५ बजेदेखि दैनिक (सार्वजनिक बिदाको अघिल्लो दिन बाहेक) एक हजार जनाको आवेदन लिने व्यवस्था मिलाइएको जानकारी दिए । यसबाट हालको अत्यावश्यक माग पूरा गर्न सकिने मन्त्रालयको अपेक्षा छ ।
मन्त्रालयले आगामी फागुन ११ गतेदेखि राहदानी सेवा पूर्ण रूपमा सञ्चालन हुने भएकाले हालको सङ्क्रमणकालीन अवस्थामा अत्यावश्यक भएमात्र आवेदन दिनहुन सबैमा आग्रह गरेको छ ।रासस

संयुक्त राष्ट्रसङ्घ दिवसका अवसरमा सेनाको कार्यक्रम

काठमाडौँ।
नेपाली सेनाले संयुक्त राष्ट्रसङ्घको स्थापना दिवस विशेष कार्यक्रम आयोजना गरी मनाएको छ । काभ्रेपलाञ्चोकस्थित वीरेन्द्र शान्ति तालिम केन्दमा प्रधान सेनापति अशोकराज सिग्देलको प्रमुख आतिथ्यमा बिहीबार सेनाले राष्ट्र सङ्घको ८०औँ स्थापना दिवस मनाएको हो । कार्यक्रममा सेनाले शान्ति स्थापनार्थ आपतकालस्न अवस्थामा उद्धार, पुनःस्थापना, सुरक्षित स्थानान्तरण, प्राथमिक उपचारजस्ता विषयमा प्रस्तुतिकरण गरेको थियो। संयुक्त राष्ट्र सङ्घको आह्वानमा सन् १९५८ बाट शान्ति सैनिक खटाउँदै आएको नेपाल, शान्ति सैनिक पठाउने राष्ट्रहरुको सूचिमा पहिलो रहनुका साथै महिला सैनिक खटाउने राष्ट्रमासमेत पहिलो स्थानमा छ।
संयुक्त राष्ट्र सङ्घीय मिसनअन्तर्गत हाल विश्वका विभिन्न १० वटा मिसनमा नेपाली सेनाका पाँच हजार आठ सय १९ जना शान्ति सैनिकहरु कार्यरत छन् । विश्व शान्ति स्थापनाको सिलसिलामा हालसम्म नेपाली सेनाका ७४ जना सैनिकहरुले वीरगति प्राप्त गरेका छन् भने ७५ जना सैकिहरु घाइते भएका छन् । कार्यक्रममा रक्षा सचिव, वलाधिकृत, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभागका प्रमुख तथा पदाधिकारीहरु, स्थानीय जनप्रतिनिधिहरु, परराष्ट्र मन्त्रालयका पदाधिकारीहरु, मित्रराष्ट्रहरुका सैनिक सहचारीहरु, सञ्चारकर्मीहरु लगायत नेपाली सेनाका रथिवृन्द, अधिकृत, पखिक तथा अन्यदर्जाको उपस्थिति रहेको थियो। रासस

कांग्रेसका लागि विशेष महाधिवेशन असान्दर्भिक

काठमाडौँ ।
नेपाली कांग्रेसका नेता बद्री अर्यालले पार्टीभित्र विशेष महाधिवेशनको आवश्यकता अहिलेको समयमा सान्दर्भिक नभएको बताएका छन् । शुक्रबार काठमाडौंमा आयोजित नियमित महाधिवेशन पक्षधरहरूको भेलालाई सम्बोधन गर्दै उनले अहिले विशेष महाधिवेशन आयोजना गर्नु कांग्रेसका लागि 'धोका' हुने टिप्पणी गरे ।
पार्टीभित्र महाधिवेशनको मिति र प्रकृतिलाई लिएर संस्थापन र इतर समूहबीच मतभेद गहिरिँदै गएको छ । जारी केन्द्रीय समिति बैठकमा दुवै पक्षले आ–आफ्नो महाधिवेशन कार्यतालिका प्रस्तुत गरिसकेका छन् । यस्तै परिस्थितिमा नेता अर्यालले पार्टीमा दर्ता भएको विशेष महाधिवेशनको प्रस्तावको कुनै औचित्य नरहेको बताए ।
उनका अनुसार विशेष महाधिवेशनले केवल केन्द्रीय तहमा मात्र नेतृत्व परिवर्तन गर्ने हुँदा यसले संगठन सुदृढीकरणमा कुनै योगदान

पुऱ्याउन सक्दैन ।
उनले भने, 'पार्टीमा विशेष अधिवेशनको एउटा प्रस्ताव दर्ता भयो, तर त्यसको न त आधार स्पष्ट छ न त परिणाम विधानले दर्ता गर्न पाइन्छ भनेको छ, तर त्यसको उद्देश्य के हो भन्ने स्पष्ट छैन । १४ सालमा भएको जस्तो अधिवेशन दोहोर्याउने कुरा अहिले समयसापेक्ष छैन । कांग्रेसका लागि यो सरासर धोका हो ।'
नेता अर्यालले पार्टीभित्र पुस्तान्तरणको आवश्यकता औंल्याउँदै नियमित महाधिवेशनमार्फत मात्रै नयाँ पुस्तालाई नेतृत्वमा ल्याउन सकिने बताएका छन् ।
यसैबीच, कांग्रेस कार्यकर्ता विनोद तिम्सिनाले पनि विशेष महाधिवेशनले केन्द्रीय तहमा मात्र नेतृत्व हेरफेर गर्ने भएकाले नियमित महाधिवेशन नै अहिलेको आवश्यकता भएको बताए ।
उनका अनुसार नियमित महाधिवेशनले विद्यमान प्रतिनिधिहरूमार्फत नेतृत्व चयन गर्ने हुँदा त्यसबाट नयाँ पुस्ताको प्रवेश सुनिश्चित हुन सक्छ ।
तिम्सिनाले भने, 'विशेष महाधिवेशनले पुरानो पुस्ता नै पुनः सत्तामा ल्याउँछ, तर नियमित महाधिवेशनले नयाँ पुस्ताको मार्ग खुलाउँछ । त्यसैले अहिले मुलुक र पार्टी दुवैका लागि नियमित महाधिवेशन उपयुक्त हुन्छ ।
'विशेष महाधिवेशनको प्रस्ताव दर्ता भएसँगै नेपाली कांग्रेसभित्र पुनः विचार र रणनीतिक विभाजन सतहमा आएको छ । केही नेताहरू यसलाई संस्थापन नेतृत्वमाथिको असन्तुष्टि प्रकट गर्ने माध्यमका रूपमा व्याख्या गरिरहेका छन् भने अन्यले यसलाई नेतृत्व हस्तान्तरण र संगठन पुनःनिर्माणको अवसरका रूपमा पनि हेरेका छन् ।

कार्की सरकार गठनका पछाडि गम्भीर षड्यन्त्र छः विप्लव

काठमाडौँ।
नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का महासचिव नेत्रविक्रम चन्द 'विप्लव'ले सुशीला कार्की नेतृत्वको वर्तमान अन्तरिम सरकार खारेज गरी सर्वपक्षीय अन्तरिम सरकार गठन गर्नुपर्ने माग गरेका छन्।
बिहीबार काठमाडौँको भृकुटीमण्डपमा आयोजित पार्टीको जनसभालाई सम्बोधन गर्दै महासचिव चन्दले अहिलेको अन्तरिम सरकार 'रहस्यमय ढंगले' गठन भएको आरोप लगाए। उनले भने, 'सुशीला कार्कीको नेतृत्वमा बनेको यो अन्तरिम सरकार पारदर्शी होइन, यसको गठनमा ठूलो राजनीतिक षड्यन्त्र लुकेको छ।'
चन्दले हालको राजनीतिक अवस्थालाई संसदीय व्यवस्थाको पूर्ण असफलताको प्रतीकका रूपमा व्याख्या गर्दै भने, 'जेन्जी विद्रोहले संसदीय व्यवस्थाको दिवालियापन पुष्टि गरिसकेको छ । संसद विघटन भएपछि कुशासन र भ्रष्टाचारमार्फत देश लुट्ने समूहहरू पुनः सक्रिय भएका छन्, त्यसविरुद्ध जनताले प्रतिवादको तयारी गर्नुपर्छ ।'
उनले संविधान संशोधन र पुनर्लेखनको आवश्यकता औंल्याउँदै राज्य पुनःसंरचना जनताको हितअनुसार हुनुपर्नेमा जोड दिए। उनका अनुसार, अहिलेको संविधानले जनताको आकांक्षा पूरा गर्न सकेको छैन र त्यसलाई सुधार गर्न नयाँ राजनीतिक सहमति आवश्यक छ।
महासचिव चन्दले प्रशासनिक संरचना सुधारको आवश्यकता पनि उल्लेख गरे। उनले विश्वविद्यालय स्तरदेखि नै दक्ष प्रशासनिक जनशक्ति उत्पादन गर्नुपर्ने र नेताहरूको सम्पत्ति बिहीबार्रनको स्रोत छानबिन गर्नुपर्ने माग गरे । उनले थपे, 'जेन्जी आन्दोलनले उठाएका मागहरूलाई राजनीतिक दलहरूले बेवास्ता गरे भने देश फेरि अस्थिरताको दलदलमा फस्नेछ । त्यसैले दलहरूले जनआवाज सुन्नु जरुरी छ ।' कार्यक्रममा सहभागी कार्यकर्ताहरूले 'भ्रष्टाचार अन्त्य गर', 'जनताको संविधान लेख', 'सर्वपक्षीय सरकार गठन गर' लगायतका नारासहित प्रदर्शन गरेका थिए।

पूर्वसैनिक घलेको लोभलाग्दो 'ड्रागन फ्रुट' खेती

सुनसरी।
करिब २८ वर्ष भारतीय सेनामा सेवा गरी अवकाश प्राप्त कृपाश्वर घले गुरुङले यहाँको रामधुनी नगरपालिका–७ रानीपोखरीमा व्यावसायिक रूपमा 'ड्रागन फ्रुट' खेती गर्दै आएका छन्।

उनले विसं २०७४ मा स्थापना गरेको 'तर्जुमा ड्रागन फ्रुट कृषि फार्म'बाट हाल वार्षिक ५५ देखि ६० लाख रुपैयाँ सम्म आम्दानी गर्दै आएको बताए। घलेले एक बिघा क्षेत्रफलमा खेती गरिरहेका छन्।

गुरुङका अनुसार करिब २२ वर्षअघि मलेसियाबाट ल्याइएको रातो पिङ प्रजातिको एक बिरुवाबाट खेती शुरु गरिएको थियो।

शुरुमा फलको बजार मूल्य तथा स्वास्थ्य उपयोगबारे स्पष्ट जानकारी नभए पनि माग र मूल्य वृद्धिसँगै खेती बिस्तार गर्दै लगिएको र हाल यही मुख्य आम्दानीको स्रोत बनेको उनले जानकारी दिए।

व्यवसायी गुरुङले भने, 'फार्ममा हाल करिब २५० बोट ड्रागन फ्रुट लगाएको छु । अन्य फलफूलले वर्षमा एकपटक मात्र फल दिने भए पनि ड्रागनले वर्षमा नौ पटकसम्म उत्पादन दिन सक्छ। त्यही भएकाले आय स्थिर हुन्छ।'

उत्पादनसँगै बिरुवा बिक्रीबाट पनि आम्दानी हुँदै आएको छ। वार्षिक रूपमा चार लाख रुपैयाँ भन्दा बढीको बिरुवा बिक्री हुने गरेको गुरुङले बताए। पहिले प्रतिबोट २ सय रुपैयाँदेखि ४ सय रुपैयाँ सम्ममा बिक्री हुने बिरुवा हाल मागअनुसार ५० रुपैयाँ देखि ७० रुपैयाँ मा बिक्री हुने गरेको उनले बताए। ड्रागन फ्रुट भने खुद्रा मूल्य प्रतिकिलो ४ सय रुपैयाँ र होलसेलमा ३ सय ५० रुपैयाँमा बिक्री हुने गरेको छ।

फार्ममा मासिक १५ हजार रुपैयाँ तलबमा दुई जना स्थायी कर्मचारी र दैनिक ७०० सय रुपैयाँ ज्यालादरमा दर्जनभन्दा बढी कामदारले काम पाइरहेका छन्। फल टिप्ने तथा मल हाल्ने याममा कामदार संख्या अझ बढी हुने गरेको छ। गुरुङले भने, 'फार्म सञ्चालन, मलखाद्य, औजार तथा श्रमिक लागतवापत वार्षिक करिब आठ लाख रुपैयाँ खर्च हुने गरेको छ। गत वर्ष २२ मेट्रिकटन उत्पादन भएको ड्रागन फ्रुट यस वर्ष २७ मेट्रिकटनभन्दा बढी उत्पादन भएको छ।

उत्पादित फल धरान, इटहरी, इनरुवा, विराटनगर र धरैजसो काठमाडौँ, पोखरा र हेटौँडासम्म बिक्रीका लागि पठाउने गरेको छु।'

आम्दानी राम्रो भएकाले पछिल्लो समय यस खेतीतर्फ अन्य युवाको पनि आकर्षण बढ्दै गएको छ। अवकाशपछि कृषि उद्यममा लागेका घलेका अनुसार देशमै बसेर कृषि व्यवसायमार्फत राम्रो आम्दानीसँगै स्थानीयस्तरमा रोजगारी पनि सिर्जना गर्न सकिने सम्भावना छ। हाल सुनसरीको रामधुनी नगरपालिका–७ मा मात्र १० घरधुरीभन्दा बढीले ड्रागन खेती गर्दै आएका छन्। विदेशबाट फर्केका युवाहरू पनि ड्रागन खेतीमा लागिरहेका छन्।रासस

ऋणपत्र निष्काशन तथा बिक्री प्रबन्धक कुमारी क्यापिटल

काठमाडौँ।
राष्ट्रिय वाणिज्य बैंकले 'छ प्रतिशत राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको ऋणपत्र–२०८९' को धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकमा कुमारी क्यापिटल लिमिटेडलाई नियुक्त गरेको छ।

बैंकले एक हजार रुपैयाँका दरले ३० लाख कित्ता बरारबर हुन आउने रकम तीन अर्ब रुपैयाँको धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको जिम्मा कुमारी क्यापिटललाई दिएको हो।

आज राष्ट्रिय वाणिज्य बैंकको केन्द्रीय कार्यालयमा सो सम्बन्धमा सम्झौता भएको छ।

उक्त सम्झौतामा वाणिज्य बैंक लिमिटेडका तर्फबाट प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनाल र कुमारी क्यापिटलका तर्फबाट प्रमुख कार्यकारी अधिकृत पुष्प शर्माले हस्ताक्षर गरेका छन्।

सम्झौताअनुसार वाणिज्य बैंकले तीन अर्ब रुपैयाँ बराबरको ऋणपत्र जारी गर्नेछ।

सोमध्यको ६० प्रतिशत अर्थात् १८ लाख कित्ताले हुन आउने एक अर्ब ८० करोड रुपैयाँ बराबरको रकम संस्थागत तथा व्यक्तिगत रूपमा तथा ४० प्रतिशत अर्थात् १२ लाख कित्ताले हुन आउने एक अर्ब २० करोड रुपैयाँ बराबरको रकम सर्वसाधारणका लागि निष्काशन गरिने बैंकका उपकार्यकारी अधिकृत पवन रेग्मीले जानकारी दिए।रासस

तीन महिनामा २७ अर्ब ७५ करोड राजस्व

रुपन्देही।
भैरहवा भन्सार कार्यालयले चालु आर्थिक वर्षको प्रथम तीन महिनामा २७ अर्ब ७५ करोड ५३ लाख ७८ हजार रुपैयाँ राजस्व सङ्कलन गरेको छ। भन्सार अधिकृत सन्तोषकुमार न्यौपानेका अनुसार गत साउनमा नौ अर्ब दुई करोड ९४ लाख ३४ हजार रुपैयाँ, भदौमा नौ अर्ब ७० करोड ६३ लाख नौ हजार रुपैयाँ र असोजमा नौ अर्ब २८ करोड ६७ लाख २० हजार रुपैयाँ सङ्कलन भएको छ। जेन्जी आन्दोलनमा आगजनी र तोडफोडबाट क्षतिग्रस्त भन्सार कार्यालयले केही समय त्रिपालबाट सेवा प्रवाह गरेको थियो।रासस

राष्ट्र बैङ्कको प्रवक्तामा पौडेल

काठमाडौँ।
नेपाल राष्ट्र बैङ्कको प्रवक्ताको जिम्मेवारी कार्यकारी निर्देशक गुरुप्रसाद पौडेललाई ताकिएको छ।

पौडेललाई बुधबारदेखि लागू हुनेगरी राष्ट्र बैङ्कको प्रवक्ता तोकिएको हो।

विसं २०५९ मा सेवा प्रवेश गरेका पौडेलले बैङ्क तथा वित्तीय संस्था नियमन विभाग, भुक्तानी प्रणाली विभाग, विदेशी विनिमय व्यवस्थापन विभाग, बैङ्क सुपरीवेक्षण विभागलगायतको जिम्मेवारी सम्हालिसकेका छन्।

हाल उहाँ मानव संसाधन व्यवस्थापन विभागमा कार्यरत रहनुभएको नेपाल राष्ट्र बैङ्कले जनाएको छ।रासस

नेपाली रेस्टुरेन्टमा मम खान पुगे ममदानी

४ वर्षीय जोहरन ममदानीले कीर्तिमानी रुपमा विश्वको आर्थिक केन्द्र मानिने न्यूयोर्कको मेयर पदमा जित हासिल गरेसँगै उनको चर्चा चौतर्फी छ। उनी मेयर निर्वाचित भएपछि रिफ्रेसमेन्टका लागि मम र दुध चियाका लागि नेपाली रेस्टुरेन्ट पुगे।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले ममदानीलाई हराउन अनेकन प्रयास गरेपनि उनले चुनाव पहिलो चरणमै जिते। न्युयोर्ककको मेयर बन्ने उनी सर्वाधिक लोकप्रिय युवा व्यक्ति बने। साथै उनी पहिलो मुस्लिम र दक्षिण एसियाली मूलका मेयर बन्न सफल भए।

मेयर निर्वाचित भएपछि ममदानी ज्याक्सन हाइटमा नेपाली रेस्टुरेन्टमा 'लञ्च' गर्न पुगे। बुधबार ज्याक्सन हाइट्सस्थित लालिगुरास बिस्ट्रो नामको नेपाली रेस्टुरेन्टमा उनी 'लञ्च'का लागि पुगेको उनले एक्स मार्फत जानकारी दिएका छन्।

त्यहाँ उनले मम, चाउमिन, आलु र दूधको चियामा रमाइरहेको देखिएका छन्। उनले नेपाली रेस्टुरेन्टमा खाजा खाँदै गरेको तस्बिर आफ्नो एक्स अकाउन्टबाट सेयर गर्दै बिहानैदेखि अन्तर्वार्ता, अनेकौं बैठकहरूमा ब्यस्त रहेको र सबैबारे भोलि थप कुरा गर्ने भन्दै 'आजको विशेष क्षण मेरा प्रतिनिधि सभा सदस्यसँग ज्याक्सन हाइट्सको 'लालिगुराँस बिस्ट्रो'मा लञ्च गर्नु भएको बताए।

उनले एक्समा लेखे, 'मेयर निर्वाचित भएपछि पहिलो दिन बिहानैदेखि अन्तर्वार्ता, बैठक र अन्य तयारीहरुमा बित्यो। तर मेरो सांसद एलेक्जान्द्रिया ओकासियो–कोर्टेज (एओसी) सँगको लञ्च विशेष रह्यो,' उनले एक्समा लेखेका छन्।

ज्याक्सन हाइट्स न्यूयोर्क सिटीको बहुसांस्कृतिक क्षेत्र हो। जहाँ नेपाली, भारतीय, बंगलादेशी, पाकिस्तानीसहित दक्षिण एसियाली आप्रवासी समुदायको बाक्लो बसोबास रहेको छ। यहाँका नेपाली रेस्टुरेन्टहरू स्थानीय र विदेशी दुवैबीच लोकप्रिय छन्।एजेन्सी

टेलिकम कम्पनीको घट्दो आम्दानीमा चर्को कर

काठमाडौँ।
पछिल्ला सात वर्षमा टेलिकम सेवाप्रदायक कम्पनीको आम्दानी करिब २८ प्रतिशतले घटेको छ। नेपाल दूरसञ्चार प्राधिकरणका अनुसार दुई टेलिकम सेवाप्रदायकको आम्दानी आर्थिक वर्ष २०७४–७५ मा ९८ अर्ब ७१ करोड रुपैयाँ आम्दानी गरेकामा गत आवमा यो ७१ अर्ब २१ करोड रुपैयाँमा सीमित भएको छ। यो निरन्तर ओरालो लागिरहेको छ।

टेलिकमको घट्दो आम्दानीको असर नाफामा देखिएको छभने नाफा खुम्चिँदा कम्पनीहरूले गर्ने लगानीमा पनि त्यसको असर परेको छ। टेलिकम क्षेत्रका जानकारहरू पछिल्ला वर्षमा आम्दानीको स्रोत बढाउन नसक्दा टेलिकम क्षेत्र सङ्कटोन्मुख भएको दाबी गर्छन्। तत्काल नीतिगत सुधार नगर्ने हो भने यो क्षेत्र समस्यामा पर्ने जानकारहरूको बुझाइ छ। आम्दानी र नाफामा देखिएको सङ्कुचनका कारण 'फाइभजी'लगायतका पूर्वाधारमा आवश्यक लगानी हुन नसकेको कतिपयको तर्क छ।

नेपाल दूरसञ्चार प्राधिकरणका पूर्वअध्यक्ष भेषराज कँडेलले दूरसञ्चार सेवालाई अत्यावश्यक सेवाका रूपमा लिनुपर्ने अवस्था रहे पनि नेपालमा भने विलासितापूर्ण वस्तुमा जस्तै कर लगाइएको बताउछन्। उनका अनुसार हाल दूरसञ्चार कम्पनीमाथि विभिन्न शीर्षकमा कर लगाइएको छ। हाल टेलिकम कम्पनीले कर्पोरेट कर ३० प्रतिशत बुझाउनुपर्छ, जबकि अन्य क्षेत्रलाई यस्तो कर २५ प्रतिशत मात्रै छ। त्यसैले दूरसञ्चार क्षेत्रमा लगाइएको करमा पुनरावलोकन गर्न आवश्यक भएको कँडेलको बुझाइ छ।

नेपाल टेलिकमका अनुसार कम्पनीको आम्दानी लगातार ओरालो लाग्नुमा नीतिगत समस्या, 'ओटिटी'को प्रयोग र चर्को नवीकरण शुल्क हो। त्यसबाहेक पनि नाफा कम हुनाका कारण भने चर्को कर पनि भएको टेलिकमको भनाइ छ।

टेलिकमका अनुसार कम्पनीले आव २०८१–८२ मा ३८ अर्ब ७३ करोड रुपैयाँमध्ये नाफा जम्मा दुई अर्ब ६६ करोड रुपैयाँ छ। अघिल्लो आवमा कम्पनीले छ अर्ब २३ करोड रुपैयाँ नाफा आर्जन गरेको थियो। कम्पनीको नाफा सङ्कुचन हुनुमा आम्दानीको ठूलो हिस्सा 'जिएसएम' अनुमतिपत्र नवीकरणका लागि खर्च भएको थियो। कम्पनीले गत आवमा २० अर्ब रुपैयाँ नवीकरणमा खर्च गरेको थियो भने त्यसबाहेक विभिन्न शीर्षकका करमा बुझाउनु पर्दा नाफामा उल्लेख्य कमी आएको हो।

टेलिकम सेवाप्रदायक एनसेलका अनुसार टेलिकम क्षेत्र अधिक कर तिर्नेमा पर्छ। केही समयअघि एनसेलका पूर्वप्रमुख कार्यकारी अधिकृत जाब्बोर कायुमोभले टेलिकम कम्पनीले ठूलो हिस्सा कर र शुल्कका नाममा सरकारलाई बुझाउनु पर्दा नाफामा असर परेको बताएका थिए। उनका अनुसार नेपालका टेलिकम सेवाप्रदायकले औसतमा आम्दानीको ५० देखि ६० प्रतिशतसम्म सरकारलाई कर र शुल्कका रूपमा तिरिरहेका छन्। करको यो अनुपात तुलनात्मक रूपमा अन्य देशको तुलनामा उच्च हो। त्यति मात्रै होइन, नेपालको कुल गार्हस्थ्य उत्पादन (जिडिपी)मा टेलिकम क्षेत्रको योगदान पनि घट्दै गएको छ। हाल जिडिपीमा टेलिकम क्षेत्रको हिस्सा एक दशमलव दुई प्रतिशत मात्र छ। यो कुल राजस्वको तीन दशमलव चार प्रतिशत हिस्सा हो। एनसेलका अनुसार टेलिकम कम्पनीले हाल सुर्ती र मदिरा उद्योगको तुलनामा तीन गुणा राजस्वमा योगदान गरिरहेका छन्। यस्तै, एनसेलले आव २०८१–८२ मा ३२ अर्ब ४८ करोड रुपैयाँ आम्दानी गरेको थियो, जसमध्ये कर तथा विभिन्न १३ शीर्षकमा १६ अर्ब ९८ करोड रुपैयाँ सरकारलाई बुझाएको छ। यो शुल्क आम्दानीको ५२ प्रतिशत बराबर हो।

एनसेलले आफ्ना विवरणमा उल्लेख गरेको छ, 'घट्दो आम्दानी र चर्को शुल्कका कारण हामीले अपेक्षाकृत रूपमा थप लगानी गर्न नपाएको अवस्था छ। हामीले नयाँ बन्न लागेको दूरसञ्चार ऐनको मस्यौदामा पनि करका शीर्षक र दर पुनरावलोकनका लागि सुझाव दिएका छौँ, टेलिकम क्षेत्रमा लगाइएको करको दर नघटाउने हो भने टिक्न गाह्रो हुने अवस्था छ।'

एनसेलले गत आवमा मात्रै जिएसएम लाइसेन्स, आइएसपी लाइसेन्स, टिएससी, ओटी, नेट भ्याट पेमेन्ट अन सेल्स, भन्सार शुल्क, टिडिएस, एड्भान्स कर, रोयल्टी, आरटिडिएफ, फ्रिक्वेन्सी शुल्क, समाजसेवा तथा अन्य शीर्षकमा करिब १७ अर्ब रुपैयाँ बुझाइसकेको जनाएको छ।

नेपाल दूरसञ्चार प्राधिकरणका अनुसार आव २०८०–८१ मा टेलिकम कम्पनीहरूले रु ६८ दशमलव पाँच अर्ब आम्दानी गरेका थिए भने ३७ दशमलव सात अर्ब रुपैयाँ कर र शुल्कका रूपमा सरकारलाई बुझाएका थिए।

हाल टेलिकम कम्पनीहरूले आम्दानीबाट १३ प्रतिशत मूल्य अभिवृद्धि करसँगै १० प्रतिशत टेलिकम सेवा शुल्क, चार प्रतिशत रोयल्टी, दुई प्रतिशत ग्रामीण टेलिकम विकास कोष, दुई प्रतिशत स्वामित्व कर (सिम कार्ड तथा ल्यान्डलाइनमा) र विभिन्न शुल्क तथा अग्रिम कर तिर्दै आएका छन्।

अन्तरराष्ट्रिय अभ्यास हेर्दा एसिया–प्यासिफिकका १० देशहरूको तुलनामा नेपालले सबैभन्दा उच्च कर दर अपनाएको जानकारहरू बताउँछन्। चीनमा टेलिकम कम्पनीले छ प्रतिशत भ्याट र २५ प्रतिशत कम्पनी कर बुझाउनुपर्छ भने भारतमा १८ प्रतिशत जिएसटी र २५ प्रतिशत कम्पनी कर, थाइल्यान्डमा सात प्रतिशत भ्याट र २० प्रतिशत कम्पनी करको प्रावधान छ।

जिएसएमए मोबाइल कनेक्सन इन्डेक्स, २०२३ अनुसार नेपाल १ सय १९औँ स्थानमा छ। 'रिपोर्ट'मा भनिएको छ, 'जहाँ टेलिकम कम्पनीलाई कम कर तिर्नुपर्छ, त्यहाँ लगानी, नेटवर्क बिस्तार र सेवा गुणस्तर उच्च हुन्छ।' विश्व बैङ्क र अन्तरराष्ट्रिय दूरसञ्चार सङ्घका अध्ययनमा पनि ब्रडब्यान्ड पहुँचमा हरेक १० प्रतिशत वृद्धि हुँदा देशको आर्थिक वृद्धिदर एक दशमलव तीन प्रतिशतले बढ्ने उल्लेख छ।रासस

हरिवंशलाई लिएर 'पाँच पाण्डव' घोषणा

काठमाडौँ,।
अभिनेता हरिवंश आचार्यलाई लिएर नयाँ चलचित्र 'पाँच पाण्डव' निर्माण हुने भएको छ। सुशील पौडेलको लेखन तथा वसन्त निरौलाको निर्देशनमा तयार हुने उक्त चलचित्रको हालै मुहूर्त गर्दै निर्माण घोषणा गरिएको हो।
उनले चलचित्रको नाम धार्मिक सुनिए पनि कथा सामाजिक विषयवस्तुमा निर्माण भएको जानकारी दिए । निर्देशक निरौलाले भने, 'हामीले पाँच जना दाजुभाइको कथालाई लिएर चलचित्र तयार गर्दैछौँ। यसको विषयसँग मिल्दो भएकाले पाँच पाण्डव नाम राखिएको हो । यसले मनोरञ्जनसँगै सामाजिक सन्देश पनि प्रवाह गर्नेछ।'
उनले चलचित्रमा अभिनेता आचार्यसँगै सीताराम कट्टेल (धुर्मुस), जितु नेपाल र सागर लम्साल (बले), दीपाश्री निरौला, रजनी गुरुङलगायतको अभिनय रहने जानकारी दिए । छायाङ्कन अगाडि अन्य कलाकारको परिचय मिडियामा गराउने निर्देशक निरौलाले बताए।
कालीरानी फिल्म्सको प्रस्तुतिमा बन्ने चलचित्रका निर्माता नवीन श्रेष्ठ छन। 'पाँच पाण्डव'ले हिन्दू महाकाव्य महाभारतका केन्द्रीय पात्र पाँच पाण्डवलाई आधुनिकता राखेर चलचित्रमा प्रस्तुत गरिने लेखक पौडेलले जानकारी दिए।रासस

मन्दिर प्रवर्द्धन र पूर्वाधार विकासका निम्ति साढे दुई करोड सङ्कलन

तनहुँ।
तनहुँको आँबुखैरेनी गाउँपालिका–५ छिम्कालेकस्थित छिम्केश्वरी र बूढीमाई मन्दिर संरक्षणका लागि सञ्चालित श्रीमद्भागवत सप्ताह ज्ञान महायज्ञमा दुई करोड ५० लाख रुपैयाँ दान सङ्कलन भएको छ।
महायज्ञ मूल समारोह समितिका आर्थिक संयोजक मनोजकुमार श्रेष्ठले मन्दिरको विकास, पर्यटन प्रवद्र्धन तथा भौतिक पूर्वाधार निर्माण गर्ने उद्देश्यले भएको महायज्ञबाट दुई करोड ५० लाख रुपैयाँ सङ्कलन गरिएको जानकारी दिए । यही कात्तिक ८ देखि १५ गतेसम्म भएको महायज्ञ अवधिभर तीन परिवार र एक संस्थाले पाँच लाख रुपैयाँ

भन्दा धेरै दान दिएका उनले बताए।
आँबुखैरेनी गाउँपलिका–३ निवासी अणमान श्रेष्ठ र सरस्वती श्रेष्ठले पाँच लाख ११ हजार १ सय ११ रुपैयाँ दान दिएका थिए।
यसैगरी अमृत केसी र गोमा केसीले पाँच लाख पाँच हजार ५ सय ५८ रुपैयाँ, महायज्ञ मूल समारोह समितिका संयोजक तथा छिम्केश्वरी पर्यटन विकास समितिका अध्यक्ष कृष्णमान तामाङ र इन्द्रमाया तामाङले पाँच लाख एक हजार १ सय १ रुपैयाँ र आँबुखैरेनी गाउँपालिकामा कार्यरत कर्मचारीले पाँच लाख ५५ हजार ५ सय ५५ रुपैयाँ दान गरेका थिए।
छिम्केश्वरी पर्यटन विकास समितिले सङ्कलित रकम मन्दिर क्षेत्रका स्थायी संरचना, ध्यान केन्द्र, सभाहल, विश्रामगृह, शौचालय, सरसफाइ पूर्वाधार र बाटो तथा पार्किङ निर्माणमा प्रयोग गर्ने जनाएको छ। समितिले मन्दिर क्षेत्र संरक्षण, फूल तालिम केन्द्र स्थापना, भक्तजन आवागमन सहज बनाउने, विश्रामगृह निर्माण र सरसफाइ सुदृढीकरणलाई प्राथमिक कार्ययोजनाका रूपमा अघि सारेको छ।
महायज्ञमा प्रवीण पण्डित दीनबन्धु पोखरेलको प्रवचन दिनुभएको थियो । समुद्र सतहदेखि दुई हजार १ सय ३४ मिटर उचाइमा अवस्थित छिम्केश्वरी मन्दिरबाट धौलागिरि, अन्नपूर्ण, मनास्लु, बुद्ध, सैपाल र अपी हिमालको मनोरम दृश्य अवलोकन गर्न सकिन्छ।
धार्मिक विश्वासअनुसार गोरखाको मनकामना माईकी दिदीका रूपमा यहाँको छिम्केश्वरी र बूढीमाईलाई चिन्ने गरिएको छ। यहाँ गरिने पूजा तथा दर्शनले मनोकामना पूरा हुने जनविश्वास छ । महायज्ञ आँबुखैरेनी गाउँपालिका–३ अमिलीबोटे (हाटबजार) मा आयोजना गरिएको थियो।रासस

जलवायु प्रतिरोधात्मक पूर्वाधार निर्माणमा दातृ निकायले सघाउने

काठमाडौँ।
नेपालमा विपद् जोखिम न्यूनीकरण, जलवायु परिवर्तन अनुकूलन तथा प्रतिरोधात्मक पूर्वाधार विकासकामा एसियाली विकास बैंक (एडिबी), विश्व बैंक समूहअन्तर्गतको अन्तरराष्ट्रिय विकास सङ्घ र स्वीस विकास सहयोग (एसडिसी) ले सहयोग गर्ने भएका छन् ।तीन दातृ निकायले आगामी तीन वर्षसम्म प्रदान गर्ने सहायतासम्बन्धी
समझदारीपत्रमा बुधबार यहाँ हस्ताक्षर गरेका यहाँस्थित विश्व बैंकको कार्यालयले जनाएको छ। त्रिपक्षीय समझदारीअनुसार जलवायुजन्य जोखिम मूल्याङ्कन, सूचना प्रणालीको सुदृढीकरण एवं जलवायु जोखिम व्यवस्थापनलाई प्राथमिकता दिइनेछ । नेपाल बाढी, पहिरो, खडेरी तथा हिमनदी पग्लनेजस्ता जलवायुजन्य जोखिममा रहेकाले सहायता अपरिहार्य भएको जनाउँदै उक्त कार्यालयले जारी गरेको प्रेस विज्ञप्तिमा त्यसबाट नेपालको आर्थिक विकासमा योगदान पुग्ने विश्वास व्यक्त गरिएको छ। रासस

धार्मिक पर्यटकीयस्थल तिनचुलेमा पूर्वाधार निर्माण

म्याग्दी।
मङ्गला गाउँपालिका–५ र बागलुङको ताराखोला गाउँपालिका–४ को सिमानामा अवस्थित धार्मिक पर्यटकीयस्थल तिनचुलेमा पूर्वाधार निर्माण भएको छ। समुद्र सतहदेखि दुई हजार ९ सय ३२ मिटर उचाइमा अवस्थित तिनचुले पुग्ने सडक, पदमार्ग, खानेपानी र आश्रयस्थलको व्यवस्था भएपछि त्यहाँको शिवालय मन्दिर, बराह तालमा पूजाआजा, हिमश्रृंखला, सूर्योदय र पहाडी भूगोलको दृष्यावलोकन गर्न आउनेको चहलपहल बढेको छ।
पर्यटकीय क्षेत्र तिनचुले संरक्षण तथा प्रवद्र्धन समितिका अध्यक्ष धनबहादुर घर्तीले पूर्वाधार निर्माण भएपछि कात्तिक पूर्णिमाका दिन तिनचुले बराहमा तोरण तार्ने धार्मिक मेला भर्न र अन्य समय प्राकृतिक सौन्दर्यमा रमाउन आउनेको संख्या बढेको जानकारी दिए।
'गण्डकी प्रदेश सरकार, ताराखोला, मङ्गला गाउँपालिका र समुदायको साझेदारीमा यहाँ पूर्वाधार निर्माण भएको हो', उनले भने, 'केही वर्षअघिसम्म सुनसान तिनचुलेमा स्वदेशी पर्यटकको आगमन बढ्न थालेको छ।'
ताराखोला गाउँपालिकाको २० लाख रुपैयाँ बजेटबाट गत आर्थिक वर्षमा तिनचुलेको शिवालय मन्दिर पुनर्निर्माणका साथै माझखर्कदेखि तिनचुलेतर्फ जाने २ सय १० मिटर ढुङ्गा

बिछ्याएर पदमार्ग निर्माण गरिएको थियो।
स्थानीयले चन्दा सङ्कलन गरेर माझखर्कमा वनभोजस्थल र आश्रयस्थल निर्माण गरेका छन् । अघिल्लो वर्ष ताराखोला गाउँपालिकाको सात लाख रुपैयाँ बजेटबाट मन्दिर परिसरमा घेराबार पर्खाल र २ सय मिटर पदमार्ग निर्माण भएको थियो।
तिनचुलेमा दृष्यावलोकनस्थल निर्माणका लागि सामाजिक सञ्जाल फेसबुकमा सञ्चालन भएको अभियानबाट करिब तीन लाख रुपैयाँ सङ्कलन भएको थियो।
गण्डकी प्रदेश सरकारको ७५ लाख रुपैयाँ र तालाखोला गाउँपालिकाको १० लाख रुपैयाँ लगानीमा ताराखोला गाउँपालिका–४ नागबेलीदेखि दावा हँुदै तिनचुले जोड्ने पाँच किलोमिटर सडक निर्माण भएको छ। सडक बनेपछि दुई घण्टाको बाटो २० मिनेटमा छोटिएको छ।
यसैगरी, मङ्गला गाउँपालिका–५ देउरालीदेखि तिनचुले जोड्ने सात किलोमिटर सडक निर्माण भएको छ । गण्डकी प्रदेश सरकारको २१ लाख लगानीमा सौर्य ऊर्जाको प्रयोग गरी चैतेथरीको मुहानबाट दुई हजार २ सय मिटर लामो पाइपबाट पानी लगेर पाँच हजार लिटर क्षमताको ट्याङ्कीमा सङ्कलन र दुई वटा धारा बनाएर वितरणको व्यवस्था मिलाइएको छ।
समुद्र सतहबाट दुई हजार ९२२ मिटर उचाइमा रहेको तिनचुलेबाट सिस्ने, चुरेन, गुर्जा, धौलागिरि, मानापाथी, नीलगिरि, अन्नपूर्ण, माछापुच्छे«, हिमश्रृङ्खलाको अवलोकन गर्न सकिन्छ । तिनचुलेको शिवालयमा पूजाअर्चना गरेमा मनोकाङ्क्षा पूरा हुने जनविश्वास छ।रासस

नेपालगञ्ज कारागारमा क्षमताभन्दा दोब्बर कैदीबन्दी

नेपालगञ्ज।
नेपालगञ्ज कारागारमा क्षमता भन्दा दोब्बर कैदीबन्दी राखिएको छ । 'एडभोकेसी' फोरम नेपाल, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) र उपभोक्ता संरक्षण मञ्च लुम्बिनी प्रदेशले संयुक्त रूपमा गरेको अनुगमनमा जेन्जी प्रदर्शनपछि बाँके कारागारमा क्षमता भन्दा दोब्बर कैदीबन्दी राखिएको पाइएको हो।
अनुगमन पश्चात् नेपालगञ्ज कारागारको अवस्था सुधार गरी कैदीबन्दीको उचित व्यवस्थापन गर्न आग्रह गरिएको छ । कारागारमा अहिले ३ सय ५० कैदीबन्दीको क्षमता रहेकामा ८ सय कैदीबन्दी तथा थुनुवा राखिएको छ । यहाँ रहेका कैदीबन्दीमध्ये सबैभन्दा बढी लागुऔषध कारोबार, जबरर्जस्ती करणी, कर्तव्यज्यान मुद्दाका रहेका कारागार प्रशासनले जनाएको छ।
कारागारका जेलर प्रकाश ढुङ्गानाले महिला कैदीबन्दी गृह नभएकाले बर्दिया कारागारमा पठाउने तयारी भइरहेको जानकारी दिए। जेन्जी प्रदर्शनका क्रममा केही कैदीबन्दी भाग्न खोजेपछि सुरक्षाकर्मीले नियन्त्रणका लागि गोली चलाउँदा कैलालीका २४ वर्षीय उमेश बमको खुट्टामा गोली लागेर घाइते भएका उल्लेख गर्दै उनले बमको अवस्था सामान्य भएपछि पुनः कारागार फर्किएका बताए।
क्षमताभन्दा दोब्बर बढी कैदीबन्दी बस्नुपर्ने अवस्था भएकाले बसोबास, स्वास्थ्य र सरसफाइमा कठिनाइ देखिएपछि सुधारका लागि आग्रह गरिएको एडभोकेसी फोरमका प्रदेश संयोजक वसन्त गौतमले बताए। उनले कारागारमा अस्थायी रूपमा एक महिलाबन्दी राखिएको भए पनि बाँकेमा महिला कैदीबन्दीका लागि छुट्टै कारागार भवनको अभाव रहेको उल्लेख गरे।
कारागारमा कैदीबन्दीका लागि पिउने पानी, सरसफाइ र स्वास्थ्य उपचारको सामान्य सुविधा मात्र रहेको पाइएको अनुगमन टोलीले जनाएको छ । स्वच्छ पानीका लागि समरसेल र मिनरल वाटरको व्यवस्था गरिएको छ भने ए ब्लक र बी ब्लकमा गरी ११ वटा सार्वजनिक शौचालय सञ्चालनमा छन्।
प्राथमिक तहको विद्यालय पनि सञ्चालनमा रहेको सो कारागारमा कक्षा १ देखि ५ कक्षासम्म ९८ जना कैदीबन्दीले अध्ययन गरिरहेका जेलर ढङ्गानाले जनाकारी दिए।
कारागारको प्रशासनिक भवन जीर्ण भएकाले कर्मचारीले असुरक्षित महसुस गर्दै बाहिरबाट काम गर्नुपर्ने अवस्था, अदालतबाट कैदीपुर्जी ढिलो प्राप्त हुने, पुनरावेदन म्याद ढिलाइ हुने, कैदीबन्दीका उजुरी समयमा सम्बोधन नहुनेलगायत समस्या समाधानका लागि कारागार प्रशासनलाई आग्रह गरिएको संयोजक गौतमले बताए।
अनुमगनमा टोलीमा इन्सेकका कार्यक्रम अधिकृत टेकनाथ आचार्य, उपभोक्ता संरक्षण मञ्चका प्रदेश उपाध्यक्ष प्रभातकुमार ठकुरीलगायत सहभागी थिए। रासस

अन्नपूर्ण आधार शिविर पुग्ने पर्यटकको चाप बढ्यो

बेनी।
म्याग्दीको अन्नपूर्ण गाउँपालिका–४ नारच्याङमा अवस्थित अन्नपूर्ण प्रथम हिमालको आधार शिविरमा दुई महिनाका अवधिमा १२ हजारभन्दा बढी आन्तरिक पर्यटकहरुले भ्रमण गरेका छन्। गत असोजदेखि कात्तिक तेस्रो सातासम्म यस क्षेत्रमा अत्यधिक रुपमा आन्तरिक पर्यटकहरुको चाप भएको थियो।
उक्त अवधिमा दैनिक दुईसयदेखि पाँच सयसम्म पर्यटकहरु यहाँ आएको अन्नपूर्ण प्रथम आधार शिविर पुग्ने 'मौरिस हर्जोग'पदमार्ग अन्तर्गत हुमखोलामा होटल व्यवसाय गर्दै आएका पर्यटन व्यवसायि तेज गुरुङले जानकारी दिए। उनकाअनुसार, दशैँ–तिहार र छठ पर्व बिदाका अवसरमा अन्नपूर्ण आधार शिविरमा अहिलेसम्मकै धेरै पर्यटक आएका हुन्।
गतबर्षदेखि यस पदमार्ग अन्तर्गत हुमखोला, फुतफुते झरना, साँधिखर्क, गुफाफाँट, भुसकेटमेला र पञ्चकुण्ड ताल परिसरमा पर्यटकहरुको सुविधाकालागि होटलहरु सञ्चालनमा आएका छन्। नारच्याङदेखि हुमखोलासम्म सडक सञ्जालको पहुँचपुगेको र त्यहाँबाट आधार शिविरसम्म केही पदमार्ग निर्माण भएकाले दुई दिनमै पदयात्रा पुरा गर्न सकिने भएपछि यस पदमार्ग अहिले आन्तरिक पर्यटकहरुका रोजाइमा छ।
पदमार्ग सञ्चालनमाआएको छोटो अवधिमै यस क्षेत्रमा पर्यटकहरुको आगमन बढेपछि पर्यटन व्यवसायिहरु उत्साहित बनेका छन्। अन्नपूर्ण आधार शिविरमा रहेको मनमोहक पञ्चकुण्ड ताल, पदमार्गमा पर्ने फुतफुते लगायतका झरना, मिस्त्रीखोलाको रमणीय दृष्यहरु हेर्न देशका विभिन्न ठाउँबाट युवायुवतिहरुको यस क्षेत्रको भ्रमणमा आउनेक्रम बढेको छ।
अन्नपूर्ण प्रथम आधार शिविर क्षेत्रको प्राकृतिक सौन्दर्यताको प्रचार प्रसार,पूर्वाधार निर्माण र आधारभूतखाना बस्नको सुविधाले पर्यटकहरुको आगमन बढाएको अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले जानकारी दिनुभयो। उनकाअनुसार, अन्नपूर्ण हिमालआरोहण भएको ७५ वर्ष पूरा भएको अवसरमा गत वर्ष गाउँपालिकाको अगुवाईमा नारच्याङदेखि आधार शिविरमामनाईएको 'अन्नपूर्ण हीरक जयन्तीमहोत्सव'ले यस क्षेत्रको प्रचार प्रसारमाव्यापकता गराएकोहो।
उनले भने, 'अहिले आधार शिविर क्षेत्रमा रहेका होटलहरुको क्षमताभन्दा बढी पर्यटकहरुको आगमन भयो, हामीले यसलाई थप व्यवस्थित गर्नेतर्फ योजना बनाएका छौँ, भुसकेट मेलादेखि पञ्चकुण्ड तालको बीचमा पनि थप एक होटल सञ्चालनमा ल्याउनका लागि एक्यापसंग समन्वयगर्न लागेका छाँै, पर्यटकहरुको बसाईलाई सहजबनाउनु हाम्रो पहिलो दायित्वहो ।' अन्नपूर्ण गाउँपालिकाले यस पदमार्गको आधार शिविर क्षेत्रमा सञ्चार र विद्युतको पहुँच पुय्याउन समेत आबश्यक पहल थालेको छ।
पर्यटकहरुको आगमन बढेसंगै पदमार्ग र आधार शिविर क्षेत्रमाफोहोर बढेको कारण गाउँपालिकाले सरसफाई अभियन्ताहरुको टोलीलाई आधार शिविरमा खटाउने तयारी समेत गरेको गाउँपालिका अध्यक्ष पुनले जानकारी दिए। अन्नपूर्ण आरोहण दिवसलाई निरन्तर रुपमा मनाउने प्रवन्ध मिलाएको गाउँपालिकाले आधार शिविर पुग्ने पदमार्गलगायतका पूर्वाधार स्तरोन्नतीका लागि चालु आर्थिक बर्षमा विनियोजन गरेको २० लाख रुपैयाँ बजेट परिचालनगर्ने जनाएको छ।रासस

नेपाली समाज भताभुङ्ग पार्ने प्रयास सफल हुँदैनः ओली

काठमाडौँ ।
नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले मानवीय मूल्य र नेपाली समाजलाई भताभुङ्ग पार्न खोजिएको अवस्थाबाट मुलुकलाई अगाडि बढाउनुपर्नेमा जोड दिएका छन् ।

भक्तपुरको गुण्डुस्थित आफ्नो निवासमा भेला भएका विभिन्न नेता कार्यकर्तालाई सम्बोधन गर्दै पूर्वप्रधानमन्त्री ओलीले सर्वश्रेष्ठ र सुन्दर गन्तव्यका रुपमा 'समृद्ध नेपाल, सुखी नेपाली' को राष्ट्रिय गन्तव्य बोकेर आफूहरु अघि बढेकामा त्यसलाई रोक्न खोज्ने तत्वहरु हावी भएको आरोप लगाए । असन्तुष्टिलाई सम्मानपूर्वक राख्ने नेपाली परम्परा विपरीत अशिष्ट र अमर्यादित एवं हिंस्रक रुपमा गतिविधि गरेर आन्दोलन गर्ने अभ्यास गलत भएको उनको भनाइ थियो ।

अध्यक्ष ओलीले सर्वोच्च अदालतको अन्तरिम आदेश विपरीत राजदूतहरुलाई परराष्ट्र मन्त्रालयमा हाजिर हुन बोलाइनु अदालतको अपमान भएको बताए । उनले रेशम लामाद्वारा लिखित गीतिसङ्ग्रह विमोचन गरे । गीतमा जेबी घिमिरे र प्रतिमा अर्यालको स्वर रहेको छ । उनले राष्ट्रपति रामचन्द्र पौडेलले असंवैधानिक सरकारले गरेको सिफारिसअनुसार प्रतिनिधि सभा विघटन गरेर गल्ती गरेको बताए ।

संविधान विपरित प्रतिनिधि सभा विघटन गरेकाले आफूहरुले त्यसको पुनःस्थापनाको माग गरेर अघि बढ्नुपरेको अध्यक्ष ओलीको तर्क थियो । 'यो असंवैधानिक सरकारले प्रतिनिधि सभा किन भंग गरेको हो ? भने देशलाई बेलगाम छाडातन्त्रमा चलाउन प्रतिनिधिसभा विघटन गरेको हो । यो असंवैधानिक ढंगले भंग गरेको छ । सिफारिस गर्ने हैसियतनै नभएकाहरुले सिफारिस गरेको छ । र संविधानको धारा कुनै केही नभएको ठाउँमा राष्ट्रपतिज्यूले भंग गर्नु भएको छ । गर्नु हुँदैन्थ्यो थियो । त्यसकारण हामीले यो विघटित प्रतिनिधिसभाको पुनस्थापनाको माग गर्दछौ । त्यसका लागि आन्दोलन गर्दछौँ र अगाडि बढछौँ,' उनले भने ।

अध्यक्ष ओलीले मुलुकमा शान्ति सुरक्षाको प्रत्याभूति गराउन पनि आफ्नो पार्टी युथ भोलेन्टियर्स फोर्स गठन गर्ने निर्णय गरेको समेत बताए ।

राष्ट्रपति पौडेललाई स्वागतः राष्ट्रपति रामचन्द्र पौडेल कतारको राजधानी दोहामा कात्तिक १८ देखि २० गतेसम्म आयोजना भएको 'सामाजिक विकासका लागि दोस्रो विश्व शिखर सम्मेलन'मा भाग लिई बिहीबार स्वदेश फर्किने क्रममा स्वागत गर्न त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अतिविशिष्ट कक्षमा अन्तरिम सरकारका प्रधानमन्त्री सुशीला कार्की, उपराष्ट्रपति रामसहाय प्रसाद यादव, गृहमन्त्री ओमप्रकाश अर्याललगायत । तस्बिरः किरणराज विष्ट

लामिछाने र जोशीको मुद्दाका फाइल झिकाउन आदेश

लुम्बिनी ।
उच्च अदालत तुलसीपुर, बुटवल इजलासले राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने र तत्कालीन गोर्खा मिडियाका सञ्चालक छविलाल जोशीको मुद्दाको फाइल जिल्ला अदालतबाट झिकाउन आदेश भएका छन् ।

उच्च अदालत तुलसीपुर, बुटवल इजलासमा बुटवलको सुप्रिम सहकारी संस्थाको रकम ठगी र सङ्गठित अपराध अभियोगमा थुनामा रहेका उनीहरुको सुनुवाइका लागि बिहीबार पेसी तोकिएको थियो ।

उच्च अदालत तुलसीपुर, बुटवल इजलासमा न्यायाधीश वासुदेव आचार्य र ओमप्रसाद अर्यालको १ नम्बर इजलासमा जिल्ला अदालत रुपन्देहीले जारी गरेको आदेश र अन्य फाइल मगाउने आदेश भएको अदालतका सूचना अधिकारी रामबहादुर कुँवरले जानकारी दिए ।यसअघि यही कात्तिक १३ गते तोकिएको पेसी जोशीका कानून व्यवसायीको निवेदनका आधारमा सुनुवाइ स्थगित भएको थियो । त्यसअघि लामिछानेको मुद्दामा न्यायाधीशद्वय मिलनकुमार राई र ओमप्रसाद अर्यालको इजलासले एकै प्रकृतिका मुद्दा भएकाले जोशीसमेतको दुवै मुद्दा एकैसाथ राख्न आदेश दिएको थियो ।

बिगो बमोजिमको रकम बुझाइ थुनाबाहिरै बसेर मुद्दा लड्न सभापति लामिछानेले माग गरेकामा उच्च अदालतले उनिसँगै जोशीको फाइल पेस गर्न आदेश दिएको थियो । यसअघि सभापति लामिछानेको मुद्दामा उच्च अदालत बुटवलले नै कैफियत प्रतिवेदन माग गर्ने आदेश दिएको थियो ।

बुटवलको सुप्रिम सहकारी ठगीमा रविसहितका प्रतिवादीलाई १० करोड ९९ लाख ३६ हजार रुपैयाँ सामूहिक बिगो कायम गरेर अभियोगपत्र दायर गरिएको छ ।

सहकारीमा अपचलन गरेको आफ्नो भागको बिगो रकम दाखिल गर्दा जिल्ला अदालत रुपन्देहीले रिहा नगरेपछि गत भदौ ९ गते उच्च अदालतमा निवेदन दर्ता गराउनुभएको थियो । लामिछानेले त्यसको चार भागमध्ये आफ्नो भागको एक भागबराबर बिगो बराबरको दुई करोड ७४ लाख ८४ हजार रुपैयाँको बैंक जमानत निवेदनसाथ पेस गरेको थियो । साउन २६ गते जिल्ला अदालतका न्यायधीश नारायण सापकोटाको इजलासले लामिछानेको निवेदनमा सुनुवाइ गर्दै रिहा गर्न अस्वीकार गरेको थियो ।

लामिछानेले जस्तै जोशीले त्यति नै बिगोवापतको जमानत पेस गरेको थियो । तर दुवै प्रतिवादीको हकमा उनीहरूको भागमा कति बिगो कायम हुने भन्ने नै यकिन नभएकाले रिहा गर्न नमिल्ने एकै प्रकृतिको आदेश जिल्ला अदालतले गरेको थियो ।

पुर्पक्षका लागि लामिछानेलाई ललितपुरको नख्खु कारागारमा र जोशीलाई भैरहवा कारागारम राखिएको छ । रासस

'नवजात शिशुको २८ दिनभित्र आँखा परीक्षण अनिवार्य'

काठमाडौँ ।
चिकित्सकले निर्धारित समय अघि नै जन्मिएका नवजात शिशुको २८ दिनभित्र आँखाको परीक्षण अनिवार्य गर्नुपर्ने बताएका छन् । समयअघि नै जन्मिएका नवजात शिशुको हकमा 'रेटिनोप्याथी अफ प्रिम्यच्युरिटी' (आरओपी) जस्ता आँखाको रोगको जोखिम उच्च हुने भन्दै परीक्षण अनिवार्य गर्नुपर्नेमा जोड दिइएको हो ।

तिलगङ्गा आँखा प्रतिष्ठानमा बिहीबार आयोजित 'मधुमेहले आँखामा पार्ने असर तथा नवजात शिशुमा हुने आँखाको पर्दासम्बन्धी समस्या'बारे सञ्चारकर्मीसँग अन्तरक्रियामा आँखा रोग विशेषज्ञ (मेडिकल रेटिना कन्सलटेन्ट) डा इली प्रधानले समयपूर्व जन्मिएका शिशुका लागि २८ दिनभित्र 'आरओपी' को परीक्षण अनिवार्य रहेको र समयमै उपचारले जीवनभरको दृष्टि हानि हुनबाट बचाउन सकिने बताइन् ।

डा प्रधानका अनुसार विश्वभर प्रत्येक १० मध्ये एक शिशु समय अगावै जन्मिन्छ र नेपालमा यीमध्ये ३० प्रतिशत शिशुमा आरओपी भएको पाइन्छ । डा प्रधानले ९ महिना नपुगि जन्मिएको, दुई किलोभन्दा कम तौल भएको, नवजात शिशु सघन उपचार कक्ष (एनआइसियू) मा धेरै दिन भर्ना गरेर राखेको बच्चामा आँखाको उक्त समस्या हुन सक्ने जानकारी दिइन् ।

यसैगरी आँखा रोग विशेषज्ञ (भिट्रो रेटिनल सर्जन) डा रबा थापाले मधुमेहले आँखामा पार्ने असर (डाइबेटिक रेटिनोप्याथी) बारे चर्चा गर्दै मधुमेह भएका व्यक्तिका लागि नियमित आँखा परीक्षण अत्यावश्यक रहेको बताउँदै डायबेटिक रेटिनोप्याथी समयमै पत्ता लागे दृष्टिविहीन हुनबाट बचाउन सकिने बताए । 'अन्तरराष्ट्रिय डायबेटिज सङ्घका अनुसार हरेक नौ जनामध्ये एक जनामा मधुमेह देखिने गरेको र सो का कारण डायबेटिक रेटिनोप्याथी अर्थात् मधुमेहका कारण आँखाको पर्दामा हुने समस्या÷रोग हुने सम्भावना बढ्दछ, जसको उपचार समयमा नभए व्यक्तिमा अन्धोपन निम्त्याउन सक्छ,' उनले भने । डा थापाका अनुसार सन्तुलित आहार, नियमित व्यायाम र स्वस्थ जीवनशैलीले मधुमेह नियन्त्रणमा महत्वपूर्ण भूमिका खेल्छ । तिलगङ्गा आँखा प्रतिष्ठानले अन्तरराष्ट्रिय रुपमा मनाइने विश्व मधुमेह दिवस (नोभेम्बर १४) र समय अघि नै जन्मिएका नवजात शिशुसम्बन्धी दिवस (नोभेम्बर १७) को अवसरमा यस वर्ष सप्ताहव्यापी रुपमा विविध कार्यक्रम आयोजना गर्दैछ ।

किसानका समस्या सम्बोधन गर्न सञ्चालको माग

काठमाडौँ ।
राष्ट्रिय किसान सञ्चालले किसानका माग सम्बोधन गर्न माग गरेका छन् । बिहीबार सञ्चालले पत्रकार सम्मेलन गर्दै १७ वटा माग अघि सारेको छ ।

सञ्चालका संयोजक डा प्रेम दङ्गालले करिब २३ लाख भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीका समस्या समाधान गर्ने तयारीमा रहेको भूमि समस्या समाधान आयोग विघटन गर्ने सरकारको निर्णय अविलम्ब फिर्ता गर्न माग गरे । उनले भूमिहीन तथा सकुम्बासी जनताको जमिन प्राप्त गर्ने संवैधानिक हक कार्यान्वयन गर्न तथा अव्यवस्थित बसोबासीका समस्या दीर्घकालीन रूपमा समाधान गरिनुपर्नेमा जोड दिए ।

वर्षाका कारण भिल्याउन तयार पारेको धानबालीमा ठूलो क्षति पुगेकाले यस्तो अवस्थामा क्षतिको विवरण सङ्कलन गरी वर्षा, बाढी, पहिरो, डुबानबाट क्षति पुगेका किसानलाई राहत तथा पुनःस्थापनाका लागि विशेष कार्यक्रम ल्याउन र कृषि तथा पशुपन्छी विकास मन्त्रालयअन्तर्गत किसान राहत कोष स्थापना गर्न सञ्चालले माग गरेको छ । यसैगरी दुग्ध किसानको दूधको सम्पूर्ण बक्यौता रकम (निजी डेरी उद्योग र दुग्ध विकास संस्थानबाट) तुरुन्त भुक्तानी गरिनुपर्ने, रासायनिक मल तत्काल उपलब्ध गराउनुपर्ने, कालीमाटी फलफूल तथा तरकारी विकास बजारसमेत देशभर रहेका ११ थोक तरकारी तथा फलफूल बजारको व्यवस्थापन समितिको नेतृत्वसहित बहुमत सदस्य उत्पादक किसान हुनुपर्ने व्यवस्था सुनिश्चित गर्नुपर्ने, वन्यजन्तुको अतिक्रमण नियन्त्रण र व्यवस्थापन गरिनुपर्ने, किसान सूचीकरणको कामलाई अभियानको रूपमा सञ्चालन गर्नुपर्ने, किसानलाई परिचयपत्र प्रदान गर्नुपर्ने तथा यसका आधारमा किसानलाई सेवा सुविधा प्रदान गर्न सञ्चालले माग गरेको छ ।

नेपाल किसान महासङ्घका अध्यक्ष गणेशचन्द्र तिमिल्सिनाले समस्या समाधानका लागि अग्रसरता देखाउन सरकारसँग माग गरे ।रासस

प्रतिनिधि सभा पुर्नस्थापना मात्र विकल्पः महासेठ

धनुषा ।
नेकपा एमालेका सचिव एवम् पूर्व उपप्रधानमन्त्री रघुवीर महासेठले देशमा शान्ति, स्थायित्व र सुशासनका लागि संसद पुनस्थापना नै एक मात्र विकल्प भएको बताएका छन् ।

धनुषा जिल्ला कमिटीद्वारा आयोजित पार्टीका पूर्ण बैठकलाई सम्बोधन गर्दै महासेठले वर्तमान राजनीतिक जटिलताको समाधान संसद पुनस्थापनाबाट मात्र सम्भव हुने बताएका हुन् । उनले एमालेले सदैव लोकतन्त्रको संरक्षण र जनताको हितका लागि जिम्मेवार भूमिका निर्वाह गर्दै आएको पनि स्पष्ट पारे ।

कार्यक्रममा एमाले जिल्ला अध्यक्ष भोला यादवको अध्यक्षता रहेको थियो । कार्यक्रममा पोलिटब्युरो सदस्य तथा पूर्वमन्त्री जुलीकुमारी महतो, केन्द्रीय सदस्य हरिनारायण महतो, प्रदेश अध्यक्ष चन्देश्वर मण्डल लगायत विभिन्न पालिकाका अध्यक्ष, संयोजक, क्षेत्रीय संयोजक, जिल्ला कमिटीका सदस्यहरू र जनवर्गीय संगठनका प्रतिनिधिहरूको सहभागिता थियो ।

हिन्दू महासंघको मेयरलाई साथ

मधेशदृष्टि
हेटौँडा ।
विश्व हिन्दू महासंघ नेपाल, हेटौँडा नगर समितिले हेटौँडा उपमहानगरपालिकाकी प्रमुख मीना कुमारी लामाविरुद्ध भएको अपमान र नारीअस्मितामाथिको विभेदयुक्त दबाबविरुद्ध साथ दिने जनाएको छ । जेन्जी आन्दोलनपछि पनि प्रमुख लामामाथि अनेक यातनायुक्त र विकृत मानसिकता भएकाहरुले तनाव दिएको र बलात्कारको सम्म धम्की दिएको भन्दै प्रमुख लामाले फेसबुकबाट घटना सार्वजनिक गर्नु भएपछि हिन्दू महासंघ हेटौँडा नगर प्रमुख लामाको पक्षमा उभिएको हो ।

बिहीबार महासंघका हेटौँडा नगर अध्यक्ष राजेश वाग्लेको नेतृत्वमा उपमहानगर उपमहानगरपालिका पुगेको टोलीले प्रमुख लामालाई समस्याविरुद्ध लड्न र सुरक्षासमेत दिन तयार भएको भन्दै समर्थन पत्र बुझाएको छ । अध्यक्ष वाग्लेले हेटौँडा उपमहाननगर प्रमुख मीना लामाप्रति गरिएको अपमानजन्य व्यवहारको भ्रत्सर्ना गर्दै व्यक्तिगत अपमान, नारी अस्मिता र मानवताविरुद्धको अपराधका विपक्षमा उभिने बताए । उनले नारी शोषणमुक्त

घोषणा अभियान चलिरहँदा नगर प्रमुखमाथि नै भएको अपराधयुक्त अपमानविरुद्ध महासंघ उत्रने बताए । अपराधयुक्त यस्ता कर्ममा कसैलाई नलाग्न र लागेका भए पनि बेलैमा सुध्रन वाग्लेले आग्रह गरे । हेटौँडा नगर प्रमुख लामाले केही दिनअघि सामाजिक सञ्जाल मेटामा हेटौँडा महिलामैत्री शहरका रुपमा विकास भइरहँदा आपराधिक मानसिकता भएकाहरुले आफूलाई आन्दोलनका नाममा बलात्कारसम्मको धम्की दिएको लेखेपछि अहिले हेटौँडा तरंगित भएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन